ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

# सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्ष:२५ ॥ अंक: ३४७ ॥ आइतबार २४ जेठ २०८३ ॥ सप्तमी ॥ ने.सं. ११४६ ॥ अनलागा ॥ Sunday 7 June 2026 ॥ पृष्ठ: ४ ॥ मूल्य: रु.३/-


## ईनार सफा गर्ने क्रममा एकको मृत्यु



सन्देश संवाददाता

हेटौंडा/बागमती गाउँपालिका-८ सात्तलेमा ईनार सफा गर्ने क्रममा एकजनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन् । प्रहरीका अनुसार बागमती गाउँपालिका-८ ठोटरी खोला निवासी मिनबहादुर योञ्जन को ईनार सफा गर्ने क्रममा मृत्यु भएको हो । शनिबार (हिजो) दिउँसो ३ बजेतिर ईनारभित्र बेहोस भएका उनलाई उद्धार गर्ने प्रयास गरिएता पनि घटनास्थलमै उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

घटनामा उनका भतिजा नबिन योञ्जन र भाञ्जा समिर वाइबा पनि घाइते भएका छन् । घाइते दुवैजनालाई उपचारका लागि फापरबारी लगिएको छ । स्थानीयले ईनारभित्र अक्सिजनको अभाव वा विषालु ग्यांसका कारण घटना भएको हुन सक्ने आशंका गरेका छन् । घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय बाट प्रहरी टोली घटनास्थल पुगेको थियो । घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# सरकारी विज्ञापन रोक्ने निर्णय सच्याउन प्रधानमन्त्रीको निर्देशन

सन्देश संवाददाता

हेटौंडा/लोकतन्त्रमा नागरिकको सूचना पाउने अधिकारमाथि कुनै पनि बहानामा अंकुश लगाउन नहुने भन्दै बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले स्थानीय तथा निजी सञ्चार माध्यमलाई सरकारी विज्ञापनबाट वञ्चित गर्ने प्रवृत्ति लोकतान्त्रिक मूल्यविपरीत भएको बताएका छन् ।

उनले सरकारी टेन्डर तथा सूचना सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशन गर्ने निर्णय गरेको र अन्य विज्ञापनबारे आफूले नभनेको भन्दै प्रधानमन्त्रीले कर्मचारीलाई बैठकमै बोलाएर सच्याउन निर्देशन दिइसकेको भए पनि कर्मचारी तहबाट कार्यान्वयनमा अटेर भइरहेको खुलासा गरेका छन् । नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिद्वारा हेटौंडामा आयोजित तीन दिने बागमती मिडिया सम्मेलनको उद्घाटन गर्दै मुख्यमन्त्री बानियाँले सूचनाप्रवाहलाई सीमित गर्ने प्रयासले लोकतन्त्र कमजोर हुने चेतावनी दिए ।




उनले भने–मैले सातै प्रदेशका मुख्यमन्त्री सहभागी बैठकमै प्रधान–मन्त्रीसमक्ष यस विषय उठाएको थिएँ,' उनले भने–प्रधानमन्त्रीले त्यही बैठकमा सचिवालय र सम्बन्धित कर्मचारीलाई बोलाइ निर्णय सच्याउन निर्देशन दिनुभएको थियो । तर, हाल देखिएको अन्यौल सरकारका कारण होइन, कर्मचारीतन्त्रको अटेरीका कारण यस्तो हुन गएको हो ।

उनले सूचनाप्रवाहका परम्परागत् माध्यमलाई विस्थापित गरेर केवल डिजिटल माध्यममा निर्भर हुन खोज्नु व्यवहारिक नहुने बताए । 'प्रधानमन्त्रीले सोचेजस्तो सूचना प्रविधिमा सबै नागरिकको पहुँच छैन । पहुँच भएकाले पनि सबैले प्रयोग गर्न जान्दैनन् । दुर्गम बस्तीमा आज पनि पत्रपत्रिका, रेडियो र स्थानीय एफएम नै सूचना पहुँचका प्रमुख माध्यम हुन्,' उनले भने । मुख्यमन्त्री बानियाँले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापनबाट वञ्चित गर्नु भनेको नागरिकको सूचना पाउने संवैधानिक अधिकारमाथि अप्रत्यक्ष प्रहार गर्नु भएको टिप्पणी गरे । 'सरकारको काम सूचना लुकाउने होइन, सहज बनाउने हो । लोकतन्त्रमा सूचना नागरिकको अधिकार हो, सरकारी अनुकम्पा होइन,' उनले स्पष्ट पारे ।

'मिडिया कमजोर भयो भने लोकतन्त्र असुरक्षित हुन्छ,' सम्मेलनको विशेष सत्रलाई सम्बोधन गर्दै पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले डिजिटल युगमा सञ्चार क्षेत्रले अभूतपूर्व चुनौती सामना गरिरहेको बताए । उनले सामाजिकसञ्जाल, कृत्रिम बौद्धिकता (एआई), एल्गोरिदम र गलत सूचनाको बढ्दो प्रभावले पत्रकारिताको विश्वसनीयतामाथि प्रश्न खडा गरिरहेको बताए । 'हामीले मिसइन्फर्मेसन र डिसइन्फर्मेसनबीच स्पष्ट भिन्नता छुट्याउनुपर्छ,' श्रेष्ठले भने–सूचना पाउने अधिकार नागरिकको मौलिक अधिकार हो । तर, गलत सूचना र नियोजित भ्रम फैलाउने गतिविधिले लोकतन्त्रलाई कमजोर बनाइरहेको छ ।

उनका अनुसार आजको सबभन्दा ठूलो चुनौती सत्यभन्दा झुटो सूचना छिटो फैलिनु हो । 'सत्यले जुत्ता लगाउँदै गर्दा झुट आधा संसार घुमि सकेको हुन्छ,' उनले टिप्पणी गरे । पूर्व प्रधानन्यायाधीश श्रेष्ठले डिजिटल प्लेटफर्ममा बढ्दो गैरजिम्मेवार सामग्री उत्पादनप्रति पनि चिन्ता व्यक्त गरे । 'क्रिएटिभिटीको नाममा कसैको प्रतिष्ठा ध्वस्त पार्ने अधिकार कसैलाई छैन । अभिव्यक्ति स्वतन्त्रता जिम्मेवारीविहीन हुन सक्दैन,' उनले भने । उनले सञ्चारमाध्यमलाई केवल सूचना दिने संस्थाका रुपमा होइन, ज्ञान, विवेक र सामाजिक उत्तर दायित्व निर्माण गर्ने संस्थाका रुपमा स्थापित हुन आग्रह गरे । 'यदि मिडियाले जनताको विश्वास गुमायो भने लोकतन्त्र पनि असुरक्षित हुन्छ । जनताको विश्वास नै सञ्चार माध्यमको सबभन्दा ठूलो सम्पत्ति हो,' श्रेष्ठले जोड दिए ।

सरकारी नीतिले निजी मिडिया संकटमा :

सम्मेलनमा सहभागी बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज अधिकारीले लोकतन्त्रमा मिडियाहाउस र पत्रकार धेरै ठूलो सम्पति हो भन्दै अल्गोरिजमले हालको शक्ति आएको, यो लोकतन्त्रलाई कालो बादल अयो कि के हो रहस्यमय तरिकाले आएको छ । उनले आफू पनि लोकतन्त्रका लागि पत्रकारिता गरेको मान्छे भएकाले मिडियाको मर्म बुझ्छु भन्दै पत्रकारको व्यथा थाहा छ, बजेट बनाउँदा मिडियालाई समेट्नुपर्छ भने ।

नेपाल पत्रकार महासंघ केन्द्रका वरिष्ठ उपाध्यक्ष दीपक आचार्यले मिडियामाथि सरकारले आर्थिक नाकाबन्दी हुने गरी गरेको निर्णय फिर्ता लिन महासंघले विभिन्न चरणमा कार्यक्रम बनाइ मन्त्रीलाई ज्ञापनपत्र दिनेदेखि सबै देलका नेताहरुलाई भेटी ज्ञापनपत्र बुझाउने विरोधका कार्यक्रम गर्ने, सरकारले मिडियालाई आर्थिक नाकाबन्दी हुने गरी गरेको निर्णय फिर्ता लिन दबाब दिएको दिएको बताए । मिडिया कमजोर बनाउनु भनेको प्रजातन्त्रको अधिकार भयरहित बनाउने हो । मिडिया कमजोर बनाएर नागरिकलाई कमजोर बनाउँदै छ ।

केन्द्र सरकारले ल्याएको नीति प्रदेशले किन मानेको ? तीन तहको सरकारको अधिकार किन यति कमजोर ? मिडियालाई नाकाबन्दी गरेर नागरिक अधिकार खोस्ने निर्णय प्रदेश र स्थानीय सरकारले किन स्वीकार गऱ्यो ? स्वस्थ्य सरकारको अनुभूति दिनुस् । उनले सूचनाको हक नागरिकको अधिकार हो । सरकारी अधिकारीहरु यतिबेला सूचना दिनै डराएका छन् । यस विषयमा नेपाल पत्रकार महासंघको आपत्ति छ र चरणबद्ध आन्दोलका कार्यक्रम तय गरिसकेका छौ । अब नेपाल पत्रकार महासंघ नागरिकको सूचना पाउने नैसर्गिक अधिकार हनन् भएको टुलुटुलु हेरेर बस्दैन ।

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समिति अध्यक्ष कृष्ण सारुमगरको सभाध्यक्षता सञ्चालित सम्मेलनमा नेपाल पत्रकार महासंघ काभ्रे अध्यक्ष बिनोद न्यौपाने, चितवन शाखा अध्यक्ष वसन्त पराजुली, मकवानपुर शाखा अध्यक्ष बालकृष्ण अधिकारी, बागमती प्रदेश निर्वतमान अध्यक्ष शिव देबकोटा, प्रेस चौतारी नेपाल महासचिव हीरा लामा, बागमती प्रदेशकी मुख्य महान्यायाधिवक्ता अप्सरा बस्नेत, सञ्चारकर्मी, सम्पादक तथा मिडियाविज्ञहरुले पछिल्लो समय सरकारी विज्ञापन वितरण प्रणालीले निजी सञ्चार माध्यमलाई आर्थिकरुपमा कमजोर बनाएको गुनासो गरे ।

उनीहरुले सरकारी निकायहरुले सूचना तथा विज्ञापन सीमित माध्यममा केन्द्रित गर्दा स्थानीय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनको अस्तित्व नै संकटमा परेको बताएका छन् । वक्ताहरुले लोकतान्त्रिक व्यवस्थामा सरकार र सञ्चार माध्यमबीच सहकार्य आवश्यक भए पनि सरकारी हस्तक्षेप स्वीकार्य नहुने धारणा राखे । मिडियालाई आर्थिक रुपमा कमजोर बनाउने नीति अन्ततः नागरिकको आवाज कमजोर बनाउने प्रयास भएको उनीहरुको भनाइ थियो ।

डिजिटल युगका चुनौतीबारे गम्भीर बहससहित सम्मेलनको पहिलो दिन डिजिटल सञ्चार, सामाजिक सञ्जाल, कृत्रिम बौद्धिकता, अनुसन्धानमूलक पत्रकारिता र सञ्चार माध्यमको दीगोपनबारे व्यापक छलफल भएको थियो । वक्ताहरुले सामाजिकसञ्जालमा फैलिने अपुष्ट सूचना, एल्गोरिदमको प्रभाव,

बांकी ३ पेजमा....

## २ हजार ५ सय विद्यार्थीलाई पोशाक बितरण

सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको दुर्गम र आर्थिकरुपमा पछाडि परेको राक्सिराङ गाउँपालिकाका २ हजार ५ सयभन्दा बढी विद्यार्थीलाई विद्यालय पोशाक वितरण गरिएको छ । जर्मन संस्था लिसा हिमालयन ईभीको आर्थिक सहयोग तथा दीगो विकासका लागि एकता नेपालको व्यवस्थापनमा सञ्चालित शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जन सहयोग परियोजनाअन्तर्गत् पोशाक वितरण गरिएको संस्थाले जनाएको छ ।

परियोजनाले गाउँपालिकाको वडा–६, ७ र ८ अन्तर्गत् १६ सामुदायिक विद्यालय, विद्यालयमा सञ्चालित १६ वटा प्रारम्भिक बालविकास केन्द्र (ईसीडी) तथा ६ वटा समुदायमा आधारित ईसीडीमा अध्ययनरत् बालबालिकालाई सहयोग उपलब्ध गराएको हो । विद्यार्थीलाई विद्यालय पोशाकसँगै झोला र चप्पल समेत वितरण गरिएको परियोजना व्यवस्थापक अनिल पौडेलले जानकारी गराए ।

बिगत १५ वर्षदेखि उक्त क्षेत्रमा सक्रिय संस्थाले हाल पाँच वर्षे एकीकृत परियोजना सञ्चालन गरिरहेको छ । पहिलो वर्ष २ हजार ४ सय ४८ विद्यार्थीलाई सहयोग गरिएकोमा यस वर्ष सहयोगको दायरा विस्तार गरी २ हजार ५ सयभन्दा बढी विद्यार्थीलाई समेटिएको छ ।

नेपालकै गरिबीको उच्च दर भएका क्षेत्रमध्ये एक मानिने राक्सिराङमा करिब ५२ प्रतिशत् चेपाङ समुदायको बसोबास छ भने बाँकी तामाङ र दलित समुदायका परिवार छन् । त्यहाँका अधिकांश परिवारले वर्षभर खेतीपाती गर्दा पनि छ महिना भन्दा बढी खान पुग्ने अवस्था छैन । चरम आर्थिक अभावका कारण बिगतमा विद्यालय छाड्ने र बाल विवाहका घटना उल्लेख्य थिए । तर, परियोजना सञ्चालनपछि विद्यार्थीको विद्यालय उपस्थितिमा वृद्धि हुनुका साथै बालविवाह न्यूनीकरणमा पनि सकारात्मक प्रभाव परेको परियोजनाले दावी गरेको छ ।

संस्थाले विद्यार्थीहरुको पोषण र स्वास्थ्यलाई प्राथमिकता दिँदै तीन वटै वडाका २२ विद्यालयमा दिवा खाजाको व्यवस्थासमेत गरेको छ । खाजाका लागि आवश्यक खाद्यसामग्री तथा खाना पकाउने एलपी ग्यांस गाडी पुग्ने स्थानसम्म संस्थाले नै ढुवानी गरेर उपलब्ध गराउँदै आएको छ । शिक्षाबाट वञ्चित हुनसक्ने विपन्न तथा जेहेन्दार विद्यार्थीलाई उच्चशिक्षामा पनि सहयोग प्रदान गरिएको परियोजनाले जनाएको छ । हाल हेटौंडा–१९, बस्तीपुरस्थित निर्मल माध्यमिक विद्यालयमा कक्षा–११ र १२ का विद्यार्थीहरुलाई आवासीय सुबिधासहित अध्ययन गराइँदै आएको छ । यस वर्ष कक्षा–१२ को परीक्षामा १६ जना विद्यार्थी सहभागी भएका थिए भने थप १६ जना विद्यार्थी हाल छात्रावासमा बसेर अध्ययनरत् रहेका छन् ।

स्नातक तह अध्ययन गर्ने ६ विद्यार्थीलाई छात्रावासको व्यवस्था गरी हेटौंडा क्याम्पसमा अध्ययन गराइँदै आएको छ । ४ विद्यार्थीलाई हेटौंडा–१६ स्थित जनप्रिय माध्यमिक विद्यालयमा आवासीय सुबिधासहित कृषि प्राविधिक (जेटीए) तथा विज्ञान विषय अध्ययनको अवसर प्रदान गरिएको परियोजनाले जनाएको छ ।

परियोजनाअन्तर्गत् स्थानीय कृषकलाई उन्नत जातका मकै, कोदो, धान तथा तरकारीका वीउ वितरण गर्नुका साथै प्राविधिक सहयोग पनि उपलब्ध गराइँदै आएको छ ।

यसले स्थानीय बासिन्दाको आयआर्जन वृद्धि गर्न सहयोग पुगेको बताइएको छ । संस्थाले तीन वडाका २२ विद्यालयमा मुख स्वास्थ्य कार्यक्रम सञ्चालन गर्दै वर्षमा दुई पटक ब्रस, मञ्जन र साबुन वितरण गर्दै आएको छ ।

यसैगरी परियोजनाले पालिकाका शिक्षकलाई पनि प्रत्येक वर्ष शैक्षिक डायरी र झोला प्रदान गर्दै आएको परियोजना व्यवस्थापक पौडेलले जानकारी गराए ।







**उखान:** बाँसको हलो हुँदैन।

**॥ ॥ बेलाको बोली ॥ ॥**

म जिन्दगीमा पटक पटक असफल भए यसैले त आज म सर्वाधिक सफल हुन सके।

– माइकल जोर्डन

## सम्पादकीय

# कता हरायो भुउपोग नीति ?

*नेपालमा वि.सं. २०४६ को अन्त्यमा पञ्चायती व्यवस्थाको अन्त्य भएपश्चात् सत्तामा गएका राजनीतिक दलहरूले आफ्नो नाराअनुरूप वैज्ञानिक भू-उपयोग नीति र सामान्य न्यूनतम भूमि सुधारको कार्यक्रमसम्म ल्याउन सकेनन् । क्रान्तिकारी भूमि सुधारको एजेण्डालाई प्राथमिकतामा राखेर सशस्त्र संघर्ष नै गरेको नेकपा माओवादीका नेता कार्यकर्ता सबभन्दा ठूला जग्गा दलाल र कर्पोरेट हाउसका हितैषी भए जसको परिणाम जनताको अवस्थामा परिवर्तन आएन तर नेपालको राजनीतिमा वैज्ञानिक भू-उपयोग नीति र भूमि सुधारको एजेण्डा मुखरित भइरह्यो । त्यसकारण नेपाल सरकारले भू-उपयोग नीति २०७२ र भू-उपयोग ऐन २०७६ ल्यायो । त्यो एउटा सकारात्मक कदम थियो ।*


*सरसर्ती हेर्दा सरकारले ल्याएको भू-उपयोग नीति र ऐनका विशेषताहरू नकारात्मक छैनन् । जस्तो जमिनलाई कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, वन क्षेत्र, सार्वजनिक र अन्य क्षेत्र गरी ६ भागमा विभाजन गरिएको छ । सरकारले ल्याएको भू-उपयोग नीति र ऐनमा कृषियोग्य जमिनको संरक्षणमा जोड दिइएको छ र उर्वर जमिनमा घर तथा भवन निर्माण गर्न नपाइने उल्लेख छ । जथाभावी हुने शहरीकरणलाई नियमन गरेर ब्यवस्थित शहरी विकासमा जोड दिइएको छ । यसको कार्यान्वियन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिइएको छ । मुलुकको कुल भूभागको करिब २७ प्रतिशत खेतीयोग्य जमिन र ३८ प्रतिशत वन क्षेत्रलाई ध्यानमा राखेर वातावरणीय सन्तुलन कायम गर्ने नीति भएको कुरासमेत उल्लेख छ ।*

*असमान भूमि वितरणका कारण गैरजोताहासँग जमिन छ, वास्तविक जोताहाको हातमा जमिन छैन । त्यसकारण सरकारले भू-उपयोग नीतिको जगमा उभिएर जनमुखी भूमिसुधारको कार्यक्रम ल्याएर कार्यान्वियनमा लैजान आवश्यक छ । तर यो सरकारको नीति, कार्यक्रम तथा बजेटको चरित्र हेर्दा यो सरकार हल्ला गरेअनुरूप जनमुखी देखिएको छैन । सरकारले नेपालको भू-उपयोग नीति २०६२, ऐन २०७६ र नियमावली २०७८ लाई कडाइपूर्वक लागु गरे पनि धेरै काम हुने थियो । स्थानीय तहलाई ताकेता गर्ने काम संघीय सरकारको हो । तीनै तहका सरकारले यसमा तदारूकता देखाउन अति जरूरी छ ।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको ।

# रामेछापका मठ–मन्दिरहरु



✍केदारप्रसाद न्यौपाने

सिन्धुलीको कुशेश्वर मन्दिरबाट उठी नित्य कर्मपछि विश्वामित्र गुफामा दर्शन गर्न सुवर्ण कौशिकी नदीको पुल तऱ्यौं। त्यहाँ रामेछाप जिल्लाका भक्तजनहरु 'हाम्रो रामेछापमा यहाँहरुलाई स्वागत छ भनि फूलमालाद्वारा सम्मान गरे । तत्पश्चात केही पश्चिमको नदी किनारामै राजर्षि विश्वामित्र द्वारा कठोर तपस्या गर्दा भगवान प्रकट भएर उहां-लाई ऊँ भूर्भूवस्व . ... आदि मन्त्र दिनु भएकोले विश्वामित्र ऋषि हुनु भएको रहेछ। उहाँले सनातन हिन्दु परम्पराअनुसार भगवान राम र लक्ष्मण आदिलाई शिक्षा, दिक्षा र मन्त्र दिनु भएको रहेछ। जुन हामी सनातनी हिन्दुहरुले जप्ने गरेका छौं ।

दर्शनपछि आफ्नो गन्तव्य उकालो पदमार्ग तर्फ लाग्यौं। खाद्यान्न र झोला बोक्ने दुई ट्रकलाई सवारीमा पठाइयौं । रामेछाप जिल्लाको स्थानीय पालिकाहरु ८ वटा रहेछन् । मन्थली नगरपलिका १४ वडा, रामेछाप नगरपालिका ९ वडा र गाउँ पालिकाहरुमा उमाकुण्ड गापा ७ वडा, खाँडादेवी गापा ७ वडा, गोकुलगंगा गापा ६ वडा, दोरम्भा गापा ७ वडा, लिखु गापा ७ वडा र सुनापती गापा ५ वडा रहेछ। हाम्रो ७८ जनाको पदयात्रा टोलीमध्ये भोजनको व्यवस्था गर्ने ८ जना सहयोगीहरु सवारी मै गएको र ७० जना पदयात्रामा संलग्न थियौं। उकालो बाटोको दायाँ-बायाँ अमला टिपेर लियौं। लुभु-सुनापतिको पत्थरको सिंढी १,३०० रहेछ। यहि उकालो चढ्दा सबैको अनुहार थकित देखिन्थ्यो। रुपाकोट, सुनापति, खनिया पानी, जलदेव महादेव स्थान पुग्दा दिनको १ बजेको थियो त्यही भोजन गरियो।

कदुञ्जे-चौतारोमा भोजन तयारी गरिरहँदा नज्दिकै कोइरालाको फूल ढकमक्क फुलेको रहेछ। स्थानीयले अचार खान हुन्छ भने टिपेर दिए । भोजनपछि २:३० बजे पैदल मार्ग हुँदै लाग्यौ । बाटोमा श्री राधाकृष्ण मन्दिर रहेछ, दर्शन गऱ्यौं त्यही स्थानीय शिक्षक रामबहादुर मगरले सहयोग गरे। धरै चढाईपछि केहि तेर्सो र उकालो बाटो पनि थियो। हाम्रो बासबस्न पुग्दा साझँ परेको थियो। श्री शेरपल्डि महायान बौद्धगुम्बा अध्ययन केन्द्र सुनापती ३ नं. वडा हिलेदेवी रामेछापमा बास बस्यौ। यो दिनको पैदल यात्रा २९ किमिको थियो।

२०८२ चैत्र १८ गते बिहान जलपान गरेर ७ बजे पदयात्रा प्रारम्भ गऱ्यौं । डिमी पोखरी २ नं. वडा डिमी मानपुरका आधारभूत बिद्यालयका शिक्षक लोकेन्द्र सिंह धामी र सुनापतीले पनि सहयोग गरे । निगालेमुढेका शिक्षक जितबहादुर मुक्तानले बौद्ध गुम्बा, मानपुर-२, रामेछाप-गुठेसी साविक १-७ नं. वडाबाट भएको थियो ४ नं. वडा बेथान लिखु गापा लिखुकै दुरागाउँ ५ नं. वडा नाग दह, ६ नं वडामा खिम्ती, दोरम्बो, २ नं वडामा डकुवा, खोलाखर्क भ्यूटावर, बाघढुंगापछि शैलुङ गाउँ पालिकाको उच्च शिखर दोलखा जिल्लातर्फ पर्दछ।

शैलुङ्गेश्वरको दर्शन गरियो। दोरम्बा प्रहरी चौकी मिलङ्गकोट दोलखाको धोवी खोलामा ४५ घरधुरी रहेछ। दोरम्बा पारी अस्पताल अग्लेश्वर गाल्पा भएर पनि दोलखा जान सकिने रहेछ। दो-रम्बा प्रा.बि. शैलुङ्ग-२ र दोरम्वा चौकीको स्थापना २०१३ सालमा भएको रहेछ । काकलिंङ्ग मावि दोरम्बा शौलुङ्ग-२ रामेछापमा कान्छीमाया तामाङ मेमोरियल सामुदायिक अस्पताल, सुनापती गाल्पा र दोरम्बा प्रदेशद्वार पूर्व शौलुङ्ग दक्षिण टोकरपुर दोरम्बा गापा रामेछाप दोरम्वा गापा वडा नं. ३ शैलुङ्गमा वागमती प्रदेश सरकारको संस्कृती तथा पर्यटन मन्त्रालयले लगानी गरेको रहेछ । सांझ ७:०० बजे राजविर गुम्बामा पुगेर बास बसियो। गुम्बाको माथि कपडाको झल्लर सिसामा दीप प्रज्वलन गर्ने गरेको रहेछ। यहाँ पुग्दा एकै छिन वर्षा हुंदा निथुक्कै भिजेका थियौं।

त्यहांका मुख्य लामा श्री सोनाम लामा रहेछन् भने सहायक लामा पेम्वा लामा रहेछन्। शौलुङ्गे डांडाको उच्च भागमा गुम्बा निमार्ण भई-रहेको रहेछ। २००८ सालमा स्थापना भएको गुम्बा २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त भएर पुनः निमार्ण भैरहेकोले ढुंगा र सिमेन्टको जोडाइ र झ्यालहरु काठका थिए। गुम्वा निमार्णमा सहयोग गर्ने संस्था एग्रिकल्चर फुड एसोशिसन नेपाल र ब्रिटिस गोर्खाज नेपालको सहयोगमा भएको साइन बोर्ड देखियो। पूर्वमोहडाको शौलुंगेश्वर महादेव, शैलुङ्गेश्वरी मै राजवीर गुम्बा पनि निर्माण भएकोले सांझ मात्र मुख्य लामाले शैलुङ्गेश्वरीको शिरो भागबाट आएर हाम्रो बसोवासको व्यवस्था मिलाउनु भएको थियो।

रामेछापमै करिव ३ सय वर्ष पुरानो गुम्बज शैलीको नीलकण्ठेश्वर मन्दिरमा रहेको घण्टहरु भने सय बर्षभन्दाअघिको पाइएन । यो मन्दिर सञ्चालन गर्न गुठी रहेनछ। तर, ढुंगाबाट निर्मित कलात्मक कालीगढी देखिन्छ। मन्दिरसंगै ढुंगे धारा पनि छ धाराको मुखमा बाघ मुखेटुटी छ। त्यसमा बि.सं. १९७९ साल बलदेब उपाध्याय लेखिएको छ।

*भीमसेन मन्दिर :*

ल्वाङ-ल्वाङ गाउँमा भएको भीमसेनको मन्दिर करिव ४०० वर्ष अगाडिको भनिदो रहेछ। मन्दिरको शिलापत्रमा वि.सं. १८४९ लेखिएको पाइयो । इंटा र ढुंगाको पर्खालले घेरिएको र सोभित्र भीमसेनको प्रतीक शिला छ। बाहनको रुपमा पत्थरको सिंह २ वटा छ। घण्टा, त्रिशुल र गद्या चडाईएको छ। भक्तहरु कै भरमा नित्य पूजा आरती हुँदै आईरहेको र गुठी भएको पाइएन।

*सेतीदेवी स्थान :*

रामेछापको सालु बजार मै करिव ४ सय वर्ष पूर्वदेखिनै सेतीदेवीको स्थान छ। यहाँ मूर्ति नभई सानो शिला मात्र छ। मन्दिरको ताम्रपत्र र घण्टहरु हेर्दा पुरानै हुनुपर्छ। शिलालाई पर्खालले घेरिएको छ। गुठी छैन तर, भक्तहरुले नित्य पूजाआजा र आरतीहरु, भजनहरु हुने गरेको छ। यो मन्दिर लाई स्थानीयहरुले आफ्नो इष्ट देवी मानेको देखियो।

*शिव मन्दिर :*

रामेछापको भंगेरी गाउँको मन्दिरको घण्ट हेर्दा वि.सं. १९८९ को भएको पाइन्छ। यो शिवालय तुलसीदाश श्रेष्ठले पुन:निर्माण गरेको पाइन्छ । तले शैलीको मन्दिरमा नन्दी त्रिशुल पनि पाइन्छ। साधारण गुठी छ, यहाँ शिवरात्री, वालाचतुर्दशी र श्रावणको सोमबार भक्तहरु बढी देखिन्छन्। यहाँ नित्य पुजा हुने गरेको पाइन्छ।

*तीन महादेव मन्दिर :*

सुनकोशी र तामाकोशी नदीको दोभानको तीन कुनामा करिव ४ सय बर्ष पुरानो तीन महादेव मन्दिरभित्र प्राचीन शिला छ । गणेश, शिव, पार्वती, लक्ष्मी, नारायणका मूर्तिहरुका साथै त्रिशुल र घण्ट छन्। गुठियार भएकोले भक्तहरुलाई प्रसाद बितरण हुने गरेको छ । अन्य शिव मन्दिरहरु जस्तै बालचतुर्दशी, शिवरात्रि आदिमा विशेष, पूजाआजा हुने गरेको छ। यो मन्दिर पकरबास गाउंमा छ।

*खाँडादेवी मन्दिर :*

रामेछाप जिल्लामा भएका देवीहरुमा लोक प्रिय देवीमा खाँडादेवीलाई मानिन्छ । खाँडादेवी डांडाको शिरो भागमा भएकोले महत्वपूर्ण मानिन्छ। यो मन्दिर दर्शन गर्न ओखलढुंङ्गा, दोलखा, सिन्धु पाल्चोक र काभ्रेपलाञ्चोक जिल्लाका भक्तजनहरु धाएर आउछन्। यो देवीस्थान करिव ७७० वर्ष पुरानो भएको जेष्ठ नागरिकहरु बताउंछन्। तले शैलीको यो देवी मन्दिर प्राकृतिक शिलाको र खाँडादेवी भनि पुजिन्छ । यो मन्दिरका पूजारी तामाङ जातका छन् भने घण्ट त्रिशुलहरु धेरै छन्। यहाँ नित्य पूजा हुन्छ, बलि पनि चढाइन्छ। असोज शुक्ल र चैत्र शुक्ल नर्वरात्रीको दुर्गापक्षमा विशेष पूजाआजा र मेला लाग्दछ । खाँडादेवीको पूजा गर्दा मनोकामना पूरा हुन्छ भनी स्थानीय बताउंछन्। खाँडादेवीको नामबाट गाउँपालिकको नाम छ । ६४ शिवलिङ्गमध्ये रामेछापमा एक पनि पर्दैन ।

नेमुनिले विरुपाक्षलाई हिंडाएको बाटो भनि हिडेको हो । श्री राष्ट्रिय आधारभूत विद्यालय शैलुङ्ग-६ को ढुंङ्गे दोलखाको विद्यालय वि.सं. २०४० सालमा स्थापना भएको रहेछ।

विद्यालयमा बिहानको भोजनको व्यवस्था गरियो। पूर्वशिक्षक पूर्णबहादुर खड्काले सहयोग गरेका थिए। शैलुङ्ग गापा फस्कु ७,६ र ३ वडामा मागापौवाको श्री वीरेन्द्र मावि काटाकुटी २०१६ सालमा स्थापना भएको विद्यालय पुगेर २ तल्लाको नयाँ भवनमा पुगेर भोजनपछि बास बस्यौ। २०८२ चैत्र १९ गते मालापानी सैलुङ्गेडांडाको मिनि ग्रेटवाल जस्तै हिउंपछि देखिदो रहेछ, मनमोहक र आकर्षक पनि छ। रामेछापको क्षेत्रफल १५४६ वर्ग किमि छ। २०८२ चैत्र २० गते प्रात:कालमा उठी नित्य कर्मपछि दोलखाको भीमेश्वरतर्फ लाग्यौ ।

*चैंरेङ महादेव :*

तामाकोशी र चरङ्गेको दोभानको पवरी गाउँ भनिंदो रहेछ। शैव परम्पराअनुसार प्राचिन कालदेखि सत्बिज छर्ने चलन थियो भनि जेष्ठ नागरिकहरुले बताए। यो तीर्थमा ११ शिवलिङ्गहरु छन्। मन्दिर करिव २५० वर्षअघिको भनिन्छ तर प्रमाण भने पाइएन्। तीर्थस्थलमा दोलखा, रामेछाप लगायतका दुरदराजका भक्तहरु सत्बिज छर्ने, र बालाचतुर्दशीमासमेत आउने गरेको पाईयो । यो दोलखा जिल्लामा पर्दछ।

गुठी संस्थान प्रधान कार्यालयको स्वर्ण जयन्ती वर्ष २०७१ को स्मारिकाअनुसार रामेछाप जिल्लामा भएका गुठीहरुमा लगत संख्या १०९ मध्ये मन्थलीमा श्री केशव लिङ्गेश्वर महादेव गुठी साविक जग्गा ५-१२-० छ। डोर २२ मन्थली श्री ढुङ्गेश्वर महादेव गुठीको ४-१२-०-६, बटुक-४२६, मन्थली श्री कालिका देवी गुठी २-८-०-६, बटुक-२८६ पूर्व ल्याङ्गल्याङ्ग वालीमध्ये कोट गाउंको भैरवेश्वर गुठी ०-८-तिर्थ ५१४/१४१ पुर्व २ नं. श्री सतिदेवी गुठी दिर्घ ६६८। पुर्व २ नं. नवलपुर ५९-०-० त्रिशुली कोटो गाउका श्री मृगेश्वर महादेव, नित्य पर्वपुजा गुठी १४-१२-३-०।

**श्रोतहरु :**

१: हिमवत्खण्ड प्रा.डा वेणीमाधव ढकाल नेपाली अनुवाद।
२: केदारप्रसाद न्यौपाने किल्लागढी
३: घटराज भट्टराइ नेपालका धार्मिक स्थलहरु

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | मिहिनेतले मानसम्मान दिलाउनेछ। अध्ययनमा प्रगति हुनुका साथै बौद्धिक निखारता आउनेछ। बोली र विचारका प्रशंसकहरू बढ्नेछन्। | **बृष** | बुद्धिको उपयोगले विद्या, धन आर्जन हुनेछ। सानो प्रयत्नले काम बन्नेछ। साथ दिनेछन् । तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ। |
| **मिथुन** | अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। आकस्मिक खर्चले तत्काललाई अर्थ अभाव देखापर्न सक्छ। तापनि सहयोग गर्नेहरू प्रशस्तै भेटिनेछन्। | **कर्कट** | धर्मकर्म तथा परोपकारी काममा प्रवृत्त भइएला । मिहिनेतले जीवन शैलीमा परिवर्तन ल्याउनेछ। विशेष काममा जग बसाउने योग छ। |
| **सिंह** | शुभचिन्तकहरू जुट्नाले अप्ठ्यारो ठानिएको काम पनि सम्पादन हुनेछ। विभिन्न प्रवृत्त भइनेछ । बिगतका कर्मको सामान्य प्रतिफल प्राप्त हुनेछ। | **कन्या** | खर्च लागे पनि हिम्मत गर्दा जटिल काम समेत सम्पादन हुनेछ। पुरुषार्थले सकिनेछ । पहिले विरोध गर्नेहरूले नै मित्रताका हात अघि बढाउने छन्। |
| **तुला** | आयआर्जनका स्रोत बढ्नेछन् र दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ । अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ। | **बृश्चिक** | काम बन्नाले उत्साह जाग्नेछ । प्रतिस्पर्धामा विजयी भइनेछ शत्रुहरू किनारा लाग्नेछन् । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ |
| **धनु** | विशेष काममा जग बसाउने अवसर छ। मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ । प्राप्त गर्ने बेला छ । धेरैले कामको तारिफ गर्नेछन्। | **मकर** | प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ लगनशीलताले परिस्थितिलाई बदल्नेछ । काम प्रारम्भ हुनेछ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ। |
| **कुम्भ** | गुमेको स्थान प्राप्त हुनुका साथै समाजमा वर्चस्व बढ्नेछ। व्यवसायमा पनि प्रशस्तै लाभ हुनेछ। रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुहोला। | **मिन** | गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ। अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। |

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन नं. : ०५७-५२२२३७
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# छुवाछुतमुक्त राष्ट्र र समाजको वास्तविकता



✍गणेश विश्वकर्मा

नेपाली राजनीतिमा बिगत करिव ८ दशकमा १०४ वर्षे राणाशासन ढल्यो, ३० वर्षे पञ्चायत ढल्यो, अढाइ सय वर्ष पुरानो राजतन्त्र ढल्यो तर नेपाली समाजमा जातीय छुवाछुत तथा भेदभाव हट्न् सकेन । हरेक राजनीतिक परि-वर्तनमा छुवाछुत केवल कानुनमा हट्यो, संविधानमा हट्यो तर समाजमा हटेन। सामाजिक हिसाबले भन्ने हो भने देउकी प्रथा हट्यो, दासप्रथा हट्यो, सतिप्रथा हट्यो । तर, जातीय छुवाछुत अझ नयाँढंगले जीवित भएर आयो । अझ मार्क्सवादी राजनीतिको आँखाले हेर्ने हो भने झण्डै शताब्दी लामो सामन्तवादको अन्त्य भएर पुँजीवादको विकास भयो तर त्यही सामन्तवादको अवशेष भनिएको जातीय छुवाछुतको अन्त्य हुन सकेन ।

यो केवल घोषणामा, संविधानमा र कानुनमा मात्र भयो तर यो जनयुद्धको उद्भव भूमि रुकुमपश्चिममा नवराज विकलगायतका ६ जनाको हत्या हुनेगरी जबरजस्त भएर प्रकट भयो, काभ्रेका अजित मिजार, बझाङकी सम्झना विक, कपिल-वस्तुकी अंगिरा विक, दैलेखका सेते दमाइ, सिन्धुलीका श्रीकृष्णको हत्या हुने गरी प्रकट भयो। आज पनि घरभित्र पसेको निउँमा, मन्दिरमा प्रवेश गरेको निउँमा, विद्यालयमा खाजासँगै खाएको निउँमा, अन्तरजातीय विवाह तथा प्रेम गरेको निउँमा दलितहरूको हत्यासम्म भइरहेको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा योभन्दा लज्जाजनक स्थिति अरू हुन सक्दैन ।

बझाङ जिल्लाको तलकोट गाउँपालिकामा भुलबाडा (सार्की वस्ति) को नाम भक्तपुर र लुहार-बाडा (लुहार विक वस्ति) को नाम ललितपुर नामाकरण गरिएको छ भने अधिकांश युवा दलितहरूमा गैरदलितसँग मिल्ने थरहरू लेखेर अपवार्ड मुभमेन्ट सञ्चालन गरेको पाइन्छ । ऐतिहासिक जनक्रान्ति २०६२/०६३ सालको प्रमुख हिस्सेदार दलित हुन् भन्ने सन्देश दिनका लागि २०६३ जेठ २१ लाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरिएको थियो । यसअघिका हरेक राजनीतिक परिवर्तनमा दलितहरूलाई परिवर्तनका हिस्सेदार बनाउन खोजिएको देखिन्छ। २०२० सालमा राजा महेन्द्रले आफ्नो सत्ता टिकाउनका लागि मुलुकी ऐन ल्याएर दलितप्रति दया देखाएका थिए। भने राजा वीरेन्द्रले २०३६ सालको जनमत संग्रहपछि हिरालाल विश्वकर्मालाई संविधान संशोधन समितिमा राखेर सन्देश दिन खोजेका थिए।

२०४६ सालपछि बनेको नेपाल अधिराज्यको संविधान र त्यसपछि २०५६ सालमा तत्कालीन जनयुद्धलाई रोक्न राष्ट्रिय दलित आयोगको स्थापना गरिएको थियो । भने २०५८ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले ८ बुँदे घोषणा गरेका थिए। नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले राष्ट्रिय दलित आयोगको सहजीकरणमा छुवाछुत विरोधी १०० दिने अभियान सञ्चालन गरिएको थियो। यही क्रममा हालै झण्डै दुईतिहाइको सरकार निर्माण गरेको राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले पनि बिगतको निरन्तरताका रूपमा संसद्बाट दलितसँग क्षमा मागेका थिए । केही समयअघि विश्वहिन्दु महासंघले हिन्दु धर्ममा जातपात छुवाछुत नरहेको सार्वजनिक घोषणा गरेको थियो ।

यसरी देशको राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सत्तारूढ दलको सभापतिहरू तथा धार्मिक संस्थाहरूले जातीय छुवाछुत तथा भेदभावविरूद्ध विभिन्न प्रयास गरिए पनि समस्या किन बल्झि रहन्छ ? यो अहं प्रश्न नेपाली समाजमा अनुत्तरित प्रश्नका रूपमा रहेको छ। यसको मूलकारण बुझ्न केवल परम्परा र धर्मलाई मात्र दोष दिएर पुग्दैन यसको प्रमुख जिम्मा राजनीति दल र सरकारले लिनुपर्दछ। किनभने सरकारले जति पनि घोषणा गरेको छ, तर सो हल गर्न बजेट छुट्याएको छैन। विश्वमा ठुला ठुला परिवर्तन भएका मुलुकहरूमा दलितजस्ता मुद्दाहरू भविष्यमा द्वन्द्वका कारण नबनुन् भनेर निकै ध्यान दिइएको पाइन्छ । तर, नेपालमा यसलाई घोषणा र कानुनमा सीमित राखिएको छ। यति मात्र होइन अझ स्वयं सरकारले जानीजानी विभेद गरेको पाइन्छ । उदाहरणका लागि नेपालमा जातीय छुवाछुत सरकारले कानुन बनाएर औपचारिकरूपमा लागू गरिएको हो । यसको उदाहरण मुलुकी ऐनको अदलको १० (क) राखेर विभेद गर्न पाइने व्यवस्था गरियो ।

२०४७ सालको संविधानमा धर्मनिरपेक्षता स्वीकार गरिएन र अहिलेको संविधानले पनि घुमाएर परम्परागतरूपमा चलिआएको भन्ने शब्द राखियो । संविधानको धारा २४ र ४० मा २-२ वटा मौलिक हक त राखियो तर मौलिक हकमा समेत कानुन बनाएर मात्र लागू गरिने भन्ने वाक्यांश राखियो । अर्को उदाहरण २०६३ जेठ १६ को महिलासम्बन्धी घोषणा भएको दिनलाई नेपाल सरकारले राष्ट्रिय महिलाअधिकार दिवस मनाउँछ, मोबाइलको रिङटोनमा सन्देश राख्दछ तर दलितसम्बन्धी घोषणा भएको जेठ २१ लाई दिवससमेत मान्दैन । जेठ १६ नेपाल सरकारले मनाउँछ, जेठ २१ दलितहरू स्वयंले मनाउँछन् । त्यस्तै मधेसमा महेन्द्रनारायण निधी आवास कार्यक्रम रहेको छ जसमा गैरदलित विपन्नका घर निर्माण गर्न ५ लाख ६० हजार तर विपन्न दलितका घर निर्माण गर्न ३ लाख ५० हजार दिने गरेको छ।

हालै सिन्धुलीका श्रकृष्ण विकलाई अन्तर जातीय विवाह गरेको भन्दै सामान्य उजुरीका भरमा प्रहरी हिरासतमा गैरन्यायिक थुनुवा र हत्या गरियो जबकि सुर्खेतको इनिषा विकको बलात्कारपछि हत्या गर्ने हत्याराहरू ४ जनामध्ये १ जनालाई बाँकेको सुधार गृहमा र अरूलाई निर्दोष सावित गरियो । राष्ट्रिय सभाका सचिव डा.रोजनाथ पाण्डेका अनुसार २०८१/०८२ मा दलित अधिकार हनन् ३, छुवाछुत ३६, अन्तरजातीय विवाह ९, हत्या ७, अन्य प्रकृति ९ गरी ६४ वटा घटनाहरू रहेका छन्।१६ औं आवधिक योजनालाई मुलुकको समृद्धिको जीवन्त दस्तावेजका रूपमा लिइन्छ तर सो दस्तावेजमा दलितबारे कुनै कार्यक्रम उल्लेखसमेत नगरेबाट दलित समस्या केवल कानुन र संविधानबाट बदलिन संभव छैन । राष्ट्रिय सभाबाट दलितसम्बन्धी संकल्प प्रस्ताव पारित भएको २ वर्ष बढी भइसक्दा पनि सरकारले संकल्प प्रस्तावमा उल्लेख गरिएका एकीकृत कानुन निर्माण, दलितअधिकार दशक घोषणा र दलित विकास प्राधिकरण बनाउने कुरा कार्यान्वयनमा लिएको छैन ।

नेपालको राज्यसंरचना दलितको लागि अहिले पनि राजनीतिक क्षेत्रमा राजनीतिक दल, संसदीय पदहरू र प्रशासनिक निकाय), आर्थिक क्षेत्र (भूमि, रोजगारी तथा शोषणमुलक कुप्रथाहरू) र सामाजिक क्षेत्र शिक्षा, छुवाछुत र दण्डहीनता) का हिसाबले दलितहरू बहिष्करणमा रहेका छन् । दलित समुदायमाथिको आधारभूत शोषण, उत्पीडन र अपमान कायम छ । भूमिहीनता, बेरोजगारी, हलिया, हरवाचरवा, बालीघरेप्रथा र चरम श्रम शोषण जारी छ । त्यति हुँदाहुँदै पनि नेपालको संविधानले २००७ सालदेखिका सबैखाले आन्दोलन-हरूका उपलब्धिहरूलाई संवैधानिकरूपमा संस्था-गत गर्ने यूगिन काम गरेको छ । दलित मुद्दा नेपाली राजनीतिको एक स्वायत्त आन्दोलन तथा सम्बोधन गर्नैपर्ने अनिवार्य केन्द्रीय विषय बनेको छ ।

देशव्यापीरूपमा दलितहरूमा मौनताको संस्कृतिको अन्त्य भई दलितहरू संगठित भएका छन्, राजनीतिक प्रक्रियाबाट हजारौं राजनीतिक नेता तथा कार्यकर्ताहरू उत्पादन भएका छन् र गैर दलितहरूको ठुलो हिस्सा दलित मुद्दामा आफैं लड्ने भएको छ। मुलुक संवैधानिक, राजनीतिक र कानुनीरूपमा जातीय छुवाछुतमुक्त बनेको छ। सोको नियमन गर्ने कानुन र प्रभावकारी अनुगमन गर्न संवैधानिक राष्ट्रिय दलित आयोगको गठन भएको छ। अन्तर्राष्ट्रिय साझेदारहरू दलित मुद्दामा सकारात्मक छन् । दलित मुद्दा राज्यले सम्बोधन गर्नैपर्ने आर्थिक सामाजिक समूहका रूपमा स्थापित भएको छ ।

जातीय छुवाछुत र भेदभाव जस्तो पहाड कुनै एउटा राजनीतिक कदम या घोषणाले मात्र रातारात ढल्न सम्भव छैन । हजारौं वर्षको अभ्यासको दौरानमा मानिसको स्वभाव र संस्कृति भएर शोषण, उत्पीडन, छुवाछुत र तुरुन्त समाप्त हुँदैन। यसका लागि दिगो विकास लक्ष्यको मूलमन्त्र कसैलाई पनि पछाडि नछोड (Leaving no one behind) को मान्यताअनुसार आगामी दशकलाई दलित अधिकार दशक घोषणा गरेर अल्पकालीन, मध्यकालीन र दीर्घकालीन बजेटसहितका रूपान्त-रणकारी योजना बनाइनु पर्दछ।

*साभार : सौंय अनलाइन*

# डीएभी र सैनिक आवासीय सेमिफाइनलमा



काठमाडौं/जिल्ला क्रिकेट संघको आयोजनामा जारी तेस्रो संस्करणको एसियन ई-लर्निङ 'जयकुमारनाथ शाह स्मृति' यु-१६ इन्टरस्कुल क्रिकेट प्रतियोगितामा डीएभी सुशील केडिया विश्व भारती स्कुल र सैनिक आवासीय महाविद्यालय सेमिफाइनलमा प्रवेश गरेका छन् ।

माथिल्लो मूलपानी क्रिकेट मैदानमा शनिबार सम्पन्न पहिलो क्वाटरफाइनल खेलमा डीएभीले केएमसी स्कुललाई ९४ रनले पराजित गर्दै अन्तिम चारमा स्थान सुरक्षित गर्‍यो । टस जितेर पहिले ब्याटिङ गरेको डीएभीले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १५७ रन बनाएको थियो । टोलीका लागि आरुष झाले ४६ बलमा ६ चौका र १ छक्कासहित सर्वाधिक ५९ रन बनाए । कमल शाहीले ४१ तथा प्रसिद्ध जैशीले १८ बलमा २६ रनको योगदान दिए भने केएमसीका श्रीजल भट्टले २ तथा अमितकुमार दासले १ विकेट लिए ।

१५८ रनको लक्ष्य पछ्याएको केएमसी १३.२ ओभरमा ६३ रनमा समेटियो । अमितकुमार दासले १५ तथा विधान सापकोटाले ११ रन बनाए पनि टोलीलाई जिततर्फ डोऱ्याउन सकेनन् ।

डीएभीका कुञ्जन आचार्यले उत्कृष्ट बलिङ गर्दै ४ ओभरमा १७ रन खर्चेर ६ विकेट लिए । केशव अग्रवाल, तनिष शाह, प्रसिद्ध जैशी र कमल शाहीले समान १-१ विकेट हात पारे । कुञ्जन आचार्य 'पिक प्वाइन्ट प्लेयर अफ द म्याच' घोषित भए ।

यस्तै शनिबार सम्पन्न दोस्रो क्वाटरफाइनलमा सैनिक आवासीय महाविद्यालयले अपी स्कुललाई १ विकेटले पराजित गर्दै सेमिफाइनल यात्रा तय गर्‍यो ।

टस जितेर पहिले ब्याटिङ गरेको अपी स्कुल १९.२ ओभरमा ८३ रनमा अलआउट भयो । अपीका युगान्त कार्कीले सर्वाधिक ३४ रन बनाए भने कुसुम प्रसालले १२ रन जोडे । सैनिक आवासीयका आभाष केसीले ३ तथा सफल पौडेलले २ विकेट लिए ।

८४ रनको लक्ष्य पछ्याएको सैनिक आवासीयले निकै रोमाञ्चक खेलमा १९.५ ओभरमा ९ विकेट गुमाएर लक्ष्य पूरा गर्‍यो । सुशान्त नेपालले २४ तथा आभाष केसीले अविजित २० रन बनाए । अन्तिम समयमा शुभव बिष्टले ३ बलमा अविजित ९ रन जोड्दै टोलीलाई रोमाञ्चक जित दिलाए ।

अपीका एकेन्द्र बुढाले ३ तथा सृजल कार्कीले २ विकेट लिए । आभाष केसी 'पिक प्वाइन्ट प्लेयर अफ द म्याच' घोषित भए ।

डीएभीले अब सेमिफाइनलमा मोक्षदा स्कुल र जेम्स स्कुलबीचको विजेतासँग सोमबार खेल्नेछ । यस्तै, सैनिकले नेपाल पुलिस स्कुल र रत्नराज्य माध्यमिक विद्यालयबीचको विजेतासँग खेल्नेछ ।

आगामी जेठ २६ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा २४ टोलीको सहभागिता रहेको छ । प्रतियोगिताको विजेताले १ लाख ५० हजार रुपैयाँ तथा उपविजेताले ७५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

प्रतियोगिताको मुख्य प्रायोजक एसियन ई-लर्निङ प्रालि रहेको छ भने सह-प्रायोजकमा ई-सेवा रहेको छ । एसोसिएट प्रायोजकका रूपमा लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लिमिटेड र प्रभु बैंक लिमिटेड रहेका छन् । साथै विभिन्न बैंक, शैक्षिक संस्था तथा व्यावसायिक प्रतिष्ठानहरूले प्रतियोगिता सञ्चालनमा सहयोग पुऱ्याएका छन् ।

प्रतियोगिता सम्पन्न गर्न सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड, एभरेष्ट बैंक लिमिटेड, डार्क फ्यान्टासी चोको रोल्स, आयुष इन्टर नेशनल ओभरसिज सर्भिसेज प्रा.लि, पिक पोइन्ट एकेडेमी, ग्यालेक्सी पब्लिक स्कूल, गरिमा विकास बैंक लिमिटेड, सिद्धार्थ प्रिमियम इन्स्योरेन्स लिमिटेड, माछापुच्छ्रे बैंक लिमिटेड, डीएभी स्कूल, यती एयरलाइन्स, लकर रुम, हिमालयन बैंक लिमिटेड, एक्स्ट्रिम इनर्जी ड्रिंक,पाईलट पेन, होप हस्पिटल र लोकल थकालीको सहयोग रहेको आयोजकले जनाएको छ ।

आयोजले प्रायोजकहरुलाई धन्यवाद प्रदान गर्दै आगामी दिनमा पनि यस्तै सहयोगले खेल क्षेत्रको बिकास हुने दावी गरे ।

साभार : सौय अनलाइन

# 'सलल कर्णाली' लिएर आए प्रमोद खरेल एण्ड पर



काठमाडौं/'प्रमोद एण्ड परम्परा ब्याण्ड'को अफिसियल गीत 'सलल कर्णाली' सार्वजनिक गरिएको छ । एप्रिकस क्याफेमा आयोजित कार्यक्रममा भिडियो सार्वजनिक गरियो ।

भिडियोका लागी सहयोगी संस्था गाउँबेशी लजिस्टिकको आयोजनामा सम्पन्न कार्यक्रममा भिडियोको निर्माण टिम र कलाकार टिमको उपस्थिती थियो ।

गीतमा परम्परा ब्याण्डका प्रमुख भोकलिस्ट प्रमोद खरेलको आवाज छ भने सर्पोटिङ आवाज सृष्टि बुढाको छ । गीतमा शब्द र संगीत सुरज थापाको छ । संगीत संयोजनको काम परम्परा ब्याण्ड र सुरज थापाको टिमले गरेको हो ।

भिडियोमा गायक खरेलसँगै मोडल अश्विनी शाहीको अभिनय देख्न सकिन्छ । भिडियो कर्णालीमै पुगेर खिचिएको छ । सुन्दर दृश्य क्यामेरामा कैद गर्ने काम अर्जुन तिवारीको टिमले गरेको छ भने निर्देशन लक्ष्मण पौड्यालले गरेका हुन् । सम्पादन मिलन विश्वकर्माले गरेका हुन् ।

गायक खरेलले यस गीतलाई ब्याण्डको प्रतिक्षित गीतको रुपमा लिएको जानकारी दिए । गीतको अडियो र भिडियोको पार्टमा आफ्नो टिमले धेरै मिहिनत गरेको भन्दै अब दर्शकमाफ खुल्ला प्रतिक्रियाका लागी छाडिएको जानकारी गराएका छन् ।

जुम्ला सिन्जाकी १४ वर्षीय सृष्टि बुढाले गायनमा प्रमोदलाई साथ दिएकी छिन् । मौलिक आवाज खोज्दै प्रमोदले उनलाइ पहिलो पटक गीत गाउने अवसर दिएका छन् । गीत प्रमोद खरेल अफिसियल च्यानलमा सुन्न सकिन्छ ।

सोही अवसरमा गायक खरेल कुरिअर सर्भिस कम्पनी गाउँबेशी लजिस्टिकको व्यवसायिक दूतमा नियुक्त भए । दुबैपक्ष बिच सम्झौतापत्रमा हस्ताक्षर समेत भएको थियो । कार्यक्रममा प्रमोद ले भिडियो छायांकन गरिएको जुम्लाको तल्फी गाउँस्थित एक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई आफ्नो तर्फबाट शैक्षिक सामग्री सहयोग गर्ने घोषणा समेत गरे ।

*साभार : अनलाइन खबर*

# सम्पत्ति विवरणमा देखिएन बिमा पोलिसी




काठमाडौं/चैत २९ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले प्रधानमन्त्री तथा मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गऱ्यो । भदौ २३ र २४ को जेनजी आन्दोलनको पृष्ठभूमिमा फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा दुई तिहाइनजिक मत पाएको राष्ट्रिय स्वतन्त्र पार्टीको एकल सरकारका मन्त्रीहरुले पदबहालीको करिब एक महिनामै सम्पत्ति विवरण सार्वजनिक गरेका थिए ।

त्यसबेला सबैको घरजग्गा, बैंक ब्यालेन्सदेखि सुनचाँदीसम्म सबै सम्पत्तिको विवरण सार्वजनिक गरियो । तर, सरकारका उच्च पदस्थहरुले सार्वजनिक गर्ने सम्पत्ति विवरणमा बिमा पोलिसी कतै देखिएन । भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अनुसार सार्वजनिक पदधारण गरेका व्यक्तिले ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने कानुनी व्यवस्था छ । यो नयाँ सरकारले मात्र होइन, नेपालमा हालसम्म कुनै पनि सरकारका पदाधिकारीले आफ्नो सम्पत्ति विवरणमा बिमा पोलिसीलाई समावेश गरेका छैनन् । सायद यही परम्परालाई कायम राखेर होला, नयाँ सरकारका प्रधानमन्त्री र मन्त्रीहरुले पनि सम्पत्ति विवरणमा बिमाबारे केही उल्लेख गरेनन् ।

सरकारले सम्पत्ति विवरण सार्वजनिक गरेलगत्तै पूर्वशिक्षामन्त्री एवम् प्रतिनिधिसभा सांसद् महावीर पुनले पनि स्वस्फुर्तरुपमा आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेका थिए । उनले विवरणमा बैंकमा बचतमा रहेको नगद समावेश गरे पनि बिमाबारे केही उल्लेख गरेनन् । पुनले आफूले हालसम्म बिमा नै नगरेका कारण सम्पत्ति विवरणमा उल्लेख गर्न नसकेको सुनाए । उनले भने–विगतमा पैसा नभएकाले बिमा गरिएन । हाल पनि गरिएको छैन । बिमा नगरेका कारण यो देखाउनुपर्ने वा नपर्ने भन्नेबारे आफूलाई थाहा नभएको समेत उनले बताए । अन्य केही सांसद्ले पनि बिमा नभएका कारण नदेखाएको बताए । मन्त्रीहरुमध्ये केहीले बिमा गरे पनि सम्पत्ति विवरणमा उल्लेख गर्नुपर्ने आवश्यकता ठानेनन् ।

बिमाक्षेत्रका विज्ञ र बिमकहरु बिमालाई सुरक्षा र सम्पत्ति दुवैको रुपमा हेर्नुपर्ने बताउँछन् । बिमा सुरक्षाका लागिमात्र नभइ लगानीको एउटा माध्यम पनि हो । त्यसकारण लगानी गरिएको कुरा सम्पत्ति विवरणमा देखाउनुपर्ने देखिन्छ । नेपाल बिमा प्राधिकरणका एक अधिकारी भने सम्पत्ति विवरण बुझाउने फारमको ढाँचामै बिमा उल्लेख गर्ने अलग्गै शीर्षक वा महल नभएकाले सरकारी अधिकारीहरुले त्यसलाई नदेखाएको हुनसक्ने अनुमान गर्छन् । सम्पत्ति विवरण सार्वजनिक गर्नका लागि भर्नुपर्ने फारममा चल सम्पत्ति, अचल सम्पत्ति र अन्य विवरणका लागि अलग्गै स्थान भए पनि बिमाबारे उल्लेख छैन । जसले गर्दा सरकारका पदाधिकारीहरुलाई बिमाबारे देखाउनुपर्छ जस्तो नलागेको ती अधिकारीको धारणा छ । यसलाई सच्याएर बिमा पोलिसी पनि देखाउन सकिएमा पारदर्शिता र विश्वसनीयता थप बढ्ने उनको भनाइ छ ।

बिमा प्राधिकरणका पूर्वकार्यकारी निर्देशक राजुरमण पौडेलले मन्त्रीहरुले आफ्नो र आफ्नो सम्पत्तिको बिमाबारे सम्पत्ति विवरणमा उल्लेख गर्दा राम्रो हुने बताए । यसबाहेक कानुनीरुपमै सम्पत्ति विवरणमा बिमा पर्ने–नपर्नेबारे उल्लेख भए पनि यसबारे स्पष्ट हुन सकिने उनको भनाइ छ । उनले भने–बिमा गरेकाहरुले विवरणमा उल्लेख गर्दा नागरिकमा पनि बिमाप्रति सकारात्मक सन्देश जान्छ र पारदर्शिता पनि कायम हुन्छ । जीवन बिमा कम्पनीका एक प्रमुख कार्यकारी अधिकृतले अनुसन्धानका क्रममा कुनै पनि व्यक्तिको सम्पत्ति छानबिन गर्दा अनुसन्धानकारी निकायले बिमा कम्पनीसँग ती व्यक्तिले बिमा गरेको वा नगरेको जानकारी माग्ने गरेको बताए । उनले भने–यदि कसैले ठूलो रकमको बिमा पोलिसी लिएको छ भने त्यो सम्पत्ति नै हो । यसलाई सम्पत्ति विवरणमा देखाउँदा स्रोत खुलाउन सजिलो हुने र भ्रष्टाचार निवारणमा पनि मद्धत पुग्छ ।

बिमा पोलिसीहरु समयसँगै ठूलो आर्थिक मूल्य बोक्ने चल सम्पत्ति हुन् । त्यसकारण सरकारी अधिकारीहरुले यसबारे सम्पत्ति विवरणमा उल्लेख गर्नुपर्नेबारे बहस पनि हुन थालेको देखिन्छ । बिमाको प्रिमियममा आयकर छुटसमेत पाइने हुँदा बिमा पोलिसीको आधारमा बैंकबाट ठूलो आकारका कर्जासमेत लिने अवस्था छ । यसले सार्वजनिक पदाधिकारीले यस्तो सुबिधा लिएका छन् भने त्यसको जानकारी सार्वजनिक चासोको विषय हुने भएकाले सरकारका अधिकारीहरुले बिमाबारे जानकारी सम्पत्ति विवरणमा उल्लेख गर्नुपर्ने बिमाबारेका जानकारले बताए ।

*कस्तो छ अन्तर्राष्ट्रिय अभ्यास ?*

नेपालमा बिमालाई सम्पत्ति विवरणमा अनिवार्य नगरिए पनि धेरै मुलुकमा अनिवार्य गरिएको छ । भारतको उत्तर प्रदेशमा मन्त्री र विधायकहरुका लागि सम्पत्ति विवरणमा बिमा पोलिसी उल्लेख गर्नु अनिवार्य छ ।

यो व्यवस्था सन् १९७५ को उत्तर प्रदेश मन्त्री तथा विधायक (सम्पत्ति तथा दायित्वको प्रकाशन) ऐनअन्तर्गत् रहेको पाइन्छ । बंगलादेशमा सरकारी सेवामा प्रवेश गर्दा र हरेक वर्षको डिसेम्बरमा आफू र परिवारको नाममा रहेको अचल र चल सम्पत्तिसँगै बिमा पोलिसीको पनि विवरण हरेक वर्ष अद्यावधिक गर्नुपर्ने व्यवस्था छ ।

स्पेनमा पनि सरकारका उच्च पदाधिकारीले सम्पत्ति विवरणमा बिमा उल्लेख गर्नुपर्ने व्यवस्था छ । यीबाहेक धेरै मुलुकमा बिमालाई सम्पत्ति विवरणको अभिन्न अंगको रुपमा लिने गरेको पाइन्छ ।

# पूजाकोठासम्म पुग्यो सामान तर पानी चलेन



झापा/उमेरले ७० को सन्निकट रहेका पदमलाल लोहारको जवानी आरनमै बित्यो । भाती चलाउँदै र घन ठोक्दै उनले ५५ वर्ष बिताए । पदमलालले बनाएका सामान उपल्लो जातका लागि सधैं चले । खेतबारि, करेसा, भान्सा र पूजाकोठासम्मै पुगे । पदमलालकै हातले हालेको पाइन चल्यो । तर, उनले छोएको पानी कहिल्यै चलेन ।

पूर्वी पहाडी जिल्ला पाँचथरको सुवादिनमा २०१६ सालमा जन्मेका पदमलाल १२ वर्षको हुँदा झापा झरे । तापनि, उनी सहर पसेनन्, बजार देखि अलिक परै बसे । छुवाछुतकै कारण उनी सहर बजार नपसेकाचाहिं होइनन् । आर्थिक अवस्था र परिस्थितिले परपरै पारेको हो । उनी पहाडबाट आएदेखि नै अर्जुनधारामा बसे । पहिला बजारको नजिक थिए । हाल अलिक पर सरेका छन् । पदमलालले आफू पर सर्नुको कारण खोले–अलिक सस्तोमा यही १ कठ्ठा जग्गा किनें, घर बनाएँ, यहीं बसें ।

अर्जुनधारा नगरपालिका–७, नारायणचोकनजिक आरन थापेर बसेका उनले त्यही पेसाबाट कमाए, जग्गा किने, घर बनाए । झापा झरेदेखि आरनमै काम गरेका उनले यस पेसा बुबा टीकारामबाट सिकेका हुन् । आरन चलाउनु पदमलालको पुस्तौनी पेसा हो । उनका बाउबाजे पहाडमा पनि त्यही पेसा गर्थे । पदमलाल खुले–बाउबाजेले आरन चलाएरै जिन्दगी चलाए, मेरो पनि जीवन यसमै बित्नेभो ।

१४ वर्षअघि उनीमाथि बज्रपात आइलाग्यो । बुबा बितेको १४ दिनमा पत्नीको पनि मृत्यु भयो । उनी छोरा बुहारीसँग छन् । तर, उनको पेसा कहिल्यै परिवर्तन भएन, अब हुँदैन पनि । उनका छोरा हरिप्रसादले यस पेसा गर्दैनन् । हरि गाडी चलाउँछन् । 'छोरो यतापट्टि लाग्दै लागेन । उसलाई मतलब पनि छैन,' पदमलालले भने–कालोमैलो हुने काम नगर्नुस्, धुलोधुँवा हुन्छ, बिरामी परिन्छ भन्छ । चलाउन त परै जाओस् मन लगाएर आरनतिर हेर्दा पनि हेर्दैन । आफूहरु विभेदमा पर्नुको कारण धुलोमैलो पनि भएको पदमलालको बुझाइ छ । 'कोइला खेलायो, कालोमैलो भइयो, यो काम गर्दा धुलोमैलै र फोहोरी देखिन्छ,' उनले भने–काम गरेर फोहोरी देखिएकै कारण विभेदमा परिएको होला, नत्र त मान्छे त उस्तै हुइन्छ नि । हाम्रो खुन चल्छ तर पानी चल्दैन ।

जातीय छुवाछुतविरुद्ध राष्ट्रिय दिवस हरेक वर्ष जेठ २१ गते पर्छ । मुलुक जातीय छुवाछुतमुक्त राष्ट्र घोषणा भएको २० वर्ष बितेको छ । तापनि, समाजमा जातीय छुवाछुत कायम छ । तत्कालीन व्यवस्थापिका संसद्ले २०६३ जेठ २१ मा नेपाललाई जातीय छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको थियो । हरेक जेठ २१ लाई ऐतिहासिक दिनका रुपमा सम्झे पनि व्यवहारिक कार्यान्वयनमा सरकार र समाज चुकेको पदमलालको बुझाइ छ । उनले भने–हाम्रो सिप र श्रम चल्छ तर पानी चल्दैन । यद्यपि, उनले यसलाई नेपाली समाजमा विद्यमान संकीर्ण कुसंस्कारको तुषको रुपमा अर्थ्याए । उनले कथित माथिल्लो र तल्लो जातमा मात्र होइन, दलित–दलितबीच पनि छुवाछुत कायम रहेको रहस्य खोले । हँसिया, चुलेसी, खुर्पा बनाउनु पदमलालको दैनिकी हो । बर्खा लागेपछि कोदालो, फरुवामा धार लगाउने, बिंड हाल्ने, फाली–करुवा बनाउने काम पनि त्यत्तिकै हुन्छ । ती समान उद्याउनु, अर्जाप्नु पदमलालको जीवन चलाउने आधार हो । दैनिक हजार, १२ सय कमाइ हुने उनले सुनाए । हिउँदमा खासै काम नहुने बताएका पदमलाल कैंची, छिनो, सनासो, अलिहोत्रो, ठेला, लिमै, भाती, डुँडसँग खेल्छन् । उनका साथी यिनै हुन् । यिनलाई घरमा कसैले सघाउँदैन् । घर नजिक आरन थापेका पदमलालले सुनाए–बुहारीको समय नातिनातिना र आफ्नो हेरचाह गर्दैमा बित्छ । आफूलाई समयमा खाजा, खाना, चिया नै दिनु बुहारीको दैनन्दिनको काम भएको उनले बताए ।

सुनका गरगहनाबाहेक सबै सामान बनाउने सिप भएका पदमलाल बिगतमा खुकुरी, करुवा, माना पाथी, गाग्री, खड्कुला, कमण्डलुसमेत बनाउथे । 'त्यो बेलाचाहिं राम्रो कमाइ हुन्थ्यो,' पदमलालले विगत खोले । त्यही कमाइले उनले २०५२ सालतिर ५५ हजारमा १ कठ्ठा जग्गा किने । त्यही जग्गामा टिनको १ तले घर बनाए । घरको गारो लगाउने मिस्त्रीले ३ हजार ५ सय र टिन लगाउन २ हजार ५ सय लिएको उनले बिर्सेका छैनन् । उनले भने–करुवा काटेको पैसाले घर बनाएको हुँ, जेजति कमाएको छु, त्यो सबै आरनबाटै कमाएको हुँ ।

आरन थापेको केही वर्षसम्म सामान्य काम गरेका उनले ३०/३५ सालतिर तामा, पित्तलका गाग्री, खड्कुला बनाए । त्यसबेला राम्रो कमाइ हुन्थ्यो ।

# सरकारी . . . . .

क्लिकबेट पत्रकारिता तथा विश्वसनीयताको संकटलाई नेपाली पत्रकारिताका प्रमुख चुनौतीका रुपमा औंल्याए । उनीहरुले पत्रकारितालाई व्यवसायमात्र नभइ लोकतन्त्रको आधारस्तम्भका रुपमा संरक्षण गर्नुपर्नेमा जोड दिए । राज्यले निजी सञ्चारमाध्यमलाई प्रतिस्पर्धी होइन, लोकतान्त्रिक साझेदारका रुपमा हेर्नुपर्ने धारणा पनि व्यक्त गरिएको थियो ।

सूचना रोक्ने होइन, पहुँच विस्तार गर्ने समय हो । सम्मेलनमा सहभागी अधिकांश वक्ताहरुको निष्कर्ष एउटै थियो–नागरिकको सूचना पाउने अधिकार सीमित गर्ने कुनै पनि नीति लोकतान्त्रिक मूल्यअनुकूल हुन सक्दैन । सूचनाप्रवाहलाई डिजिटल वा सरकारी माध्यममा मात्र सीमित गर्नु नेपालको भौगोलिक, सामाजिक तथा प्राविधिक यथार्थसँग मेल खाने विषय होइन । त्यसैले निजी पत्रपत्रिका, रेडियो, टेलिभिजन र डिजिटल सञ्चारमाध्यमलाई समान अवसर, समान पहुँच र समान व्यवहार सुनिश्चित गर्दै सरकारी विज्ञापन वितरण प्रणालीलाई पारदर्शी तथा समावेशी बनाउनुपर्ने माग सम्मेलनमा सशक्तरुपमा उठाइएको छ ।

# डा. राणा–प्रसाई नयाँ दलमा



काठमाडौं/राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) छाडेका डा. धवलशमशेर राणा र नागरिक बचाऊ महाअभियानका दुर्गा प्रसाईबीच नयाँ दल गठन गर्ने सहमति भएको छ । शुक्रबार राणा र प्रसाईंले ११ बुँदे सहमतिमा हस्ताक्षर गरेका हुन् । किरात, बौद्धसहित वैदिक सनातन हिन्दु अधिराज्य राष्ट्रवादी शक्ति निर्माण गर्ने प्रतिज्ञा दुई पक्षले गरेका छन् ।

संवैधानिक राजसंस्था पुनर्स्थापनाका लागि सशक्त, लोकतान्त्रिक तथा राष्ट्रवादी र राजनीतिक शक्तिको आवश्यकताले नयाँ दल गठन गर्नुपरेको सहमतिमा उल्लेख गरिएको छ । पृथ्वीनारायण शाहका दिव्यउपदेशमा आधारित राष्ट्रवादी दर्शन अंगाल्ने नीति लिइएको छ । सुधारमुखी संघीयता, एक पटकको नेपाली सधैंको नेपाली र दोहोरो नागरिकता राख्न पाउनने व्यवस्थामा दुई पक्षबीच सहमत भएका छन् । विचार र सिद्धान्त मिल्ने अन्य राजनीतिक दल, अभियान, संगठन र व्यक्तिलाई साथ लिएर नयाँ राजनीतिक पार्टी घोषणा गर्ने सहमति भएको छ । डा. राणाको मिडिया हेरिरहेकी राधिका जोशीले प्रसाईकै घरमा मिलेर जाने सहमति भएको र अब पार्टी नाम, चुनाव चिह्नलगायत विषयमा मलमासपछि छलफलपछि हुने जानकारी दिइन् ।

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनसँग विवादपछि जेठ २१ गते राणासहित १ सय ८३ नेताले राप्रपा छाडेका थिए । राप्रपा छाड्नेमा काठमाडौं उपत्यकामा उपलब्ध केही पदाधिकारी तथा केन्द्रीय सदस्य, जनवर्गीय संगठनका पदाधिकारी र सदस्य छन् । पदाधिकारीहरुमा उपाध्यक्ष मुकुन्द श्याम गिरी, महामन्त्री धवलशम्शेर राणा, दिलनाथ गिरी, केशबराज श्रेष्ठ, नारायणप्रसाद कोइराला, सगुनसुन्दर लावती, धनसुर शाही, मीना शाही, दिलविकास राजभण्डारी, नानीमैया आचार्यलगायत छन् । उनीहरु अधिकांशलाई अध्यक्ष लिङ्देनले यसअघि कारबाही गरेका थिए ।

## प्रश्नपत्र चुहावटविरूद्ध कक्रोच पार्टीको प्रदर्शन

वीरगञ्ज/भारतमा सञ्चालन भएको विभिन्न परीक्षामा प्रश्नपत्र चुहावट भएको भन्दै 'कक्रोच जनता पार्टी' (सीजेपी) ले शनिवार नयाँ दिल्लीस्थित जन्तर-मन्तरमा विरोध प्रदर्शन गरेको छ । पार्टीका संस्थापक अभिजित दिपकेसहित हजारौं समर्थक प्रदर्शनमा सहभागी भएका छन् ।

प्रदर्शनकारीहरूले नीट-यूजी २०२६ प्रश्नपत्र चुहावट तथा सीबी-एसईको अनलाइन मूल्याङ्कन प्रणाली (ओएसएम) मा भएको भनिएको अनियमितताप्रति आपत्ति जनाउँदै केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गरेका छन् ।

प्रदर्शनका क्रममा 'धर्मेन्द्र प्रधान इस्तीफा दो' र 'हामीले मेक इन इन्डिया माग्यौं, तपाईंहरूले लिक इन इन्डिया दिनुभयो' जस्ता नाराहरू लगाइएको थियो । अमेरिकाको बोस्टनबाट शनिवार बिहान ७:४५ बजे नयाँ दिल्ली आइपुगेका दिपके विमानस्थलबाट निस्कने क्रममा डा. भीमराव अम्बेडकरसँग सम्बन्धित पुस्तक हातमा बोकेका देखिएका थिए । सोही पुस्तकसहित उनी आन्दोलन स्थल पुगेका थिए र प्रदर्शनलाई सम्बोधन गरेका थिए । सामाजिक सञ्जालमार्फत् लोकप्रिय बनेको सीजेपीको यो पहिलो सार्वजनिक सडक प्रदर्शन हो ।


पार्टीले शिक्षा क्षेत्रमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न माग गर्दै आन्दोलन सुरु गरेको जनाएको छ । यद्यपि, सीजेपी हालसम्म औपचारिकरूपमा राजनीतिक दलका रूपमा दर्ता भएको छैन ।

यसैबिच, सामाजिक अभियन्ता तथा शिक्षाविद् सोनम वाङचुक पनि प्रदर्शनमा सहभागी भएका छन् ।










आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईंको dd]f{ kfpg'xf];\ . स्थानः रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष



# रास्वपा मकवानपुर सभापतिमा पाठक, सचिवमा अधिकारी निर्विरोध



सन्देश संवाददाता

हेटौंडा/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुरको प्रथम जिल्ला अधिवेशनबाट सञ्जीव पाठकलाई निर्विरोध सभापतिमा चयन भएका छन्।

हेटौंडामा भएको पहिलो अधिवेशनले ५ वर्षे कार्यकालका लागि पाठकको नेतृत्वमा सर्वसम्मत ११ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको हो।

शनिबार भएको अधिवेशनबाट उपसभापतिमा टाकाराज थापा (सुरेश) सचिवमा विशभ अधिकारी, सहसचिवमा शान्ति थापा बिडारी चयन भएका छन्। यसैगरी अधिवेशनबाट सदस्यहरुमा सफल दुतराज, सम्भना पुडासैनी, पदम थिङ, हलिया शेख, देवकुमार अर्याल र हरिहर खतिवडा चयन भएको जनाईएको छ।

अधिवेशनले हरिहर खतिवडा प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर १ को सभापति तथा देवकुमार अर्याल क्षेत्र नम्बर २ को सभापतिमा चयन भएका छन्।

मकवानपुर जिल्लाको १० वटै पालिकाबाट ४ सय ५० भन्दा बढी प्रतिनिधिको सहभागितामा भएको अधिवेशनले जिल्ला समिति सदस्यहरुमध्येबाट एकजनालाई कोषाध्यक्षमा पछि मनोनित गरिने प्रावधान रहेको सचिव अधिकारीले बताए।

कार्यवाहक सभापति प्रतिनिधि सभा सदस्य प्रकाश गौतमको अध्यक्षता तथा प्रतिनिधि सभा सदस्य प्रशान्त उप्रेतीको प्रमुख आतिथ्यमा अधिवेशन भएको थियो। अधिवेशनको उद्घाटन समारोहमा रास्वपा केन्द्रीय न्याट विभागका प्रमुख वैकुण्ठ थापा (आशिष), केन्द्रीय सदस्य विन्दवासिनी कंशाकारको पनि बिशेष आतिथ्य रहेको थियो।

निर्वाचित सभापति पाठकले यसअघि भएका केही पालिका तथा वडा सम्मेलनमा भएको हल्लाहरुलाई निराधार रहेको प्रमाणस्वरुप जिल्ला सभापति पद निर्विरोध भएको बताए। उनले भने अवका दिनमा जनताको मन जित्ने खालका काम गर्ने र जनताका आवाजलाई बुलन्द बनाउने बताए।

# विद्यालयमा वृक्षरोपण



सन्देश संवाददाता

हेटौंडा/गायत्री चेतना केन्द्रले विश्व वातावरण दिवसको अवसर पारेर शुक्रबार हेटौंडा–११ स्थित शंकरज्योति माध्यमिक विद्यालयमा वृक्षरोपण गरेको छ। केन्द्रले गुल्मोहर, तेजपात र पारिजातलगायत करिब ३० वटा बिरुवा रोपेको हो। केन्द्र अध्यक्ष मधु जैनको नेतृत्वमा विद्यालयमा पुगेको विशेषत: महिला टोलीले वृक्षरोपण गरेको प्रधानाध्यापक महेशकुमार रिजालले बताए।

टोलीमा मारवाडी महिला मञ्चकी अध्यक्ष नीलम जालान, सचिव सोना अग्रवाल, सहसचिव र मिला अग्रवाल, सल्लाहकारद्वय स्नेहा चचानी र प्रीति अग्रवाल, गायत्री चेतना केन्द्रका राजकुमारी गुप्ता, रञ्जु मलिक र बद्रीनाथ गुप्ता खलगायतको उपस्थिति थियो।

गायत्री चेतना केन्द्र आध्यात्मिक, सामाजिक र सांस्कृतिक जागरणका लागि स्थापित एक केन्द्र हो। शान्तिकुञ्ज, हरिद्वारस्थित अखिल विश्व गायत्री परिवारअन्तर्गत् सञ्चालित यस्ता केन्द्रहरुले मानिसमा सकारात्मक सोच, नैतिक मूल्यमान्यता र व्यक्तित्व विकास गराउन मद्धत गर्छन्। यसका मुख्य विशेषतामा दैनिक उपासना, ध्यान र मन्त्रजप, हिन्दु परम्पराअनुसार विभिन्न संस्कारहरु जस्तै: नामाकरणा, अन्नप्राशन, विद्यारम्भ, पुंसवन आदि विधिविधानपूर्वक सम्पन्न गराइन्छ। सांस्कृतिक तथा सामाजिक गतिविधिमा नैतिक शिक्षा, योगकक्षा र समाज निर्माणसम्बन्धि कार्यक्रमहरु सञ्चालन गरिन्छ। नेपाललगायत विश्वका विभिन्न स्थानमा यस्ता केन्द्रहरु छन्।

उक्त अवसरमा उनीहरुले गायत्री मन्त्रबारे संक्षिप्त जानकारी गराए। उक्त मन्त्र एकमात्र यस्तो उपाय हो, जुन विश्वाससाथ जप गर्दा हर किसिमको समस्याबाट छुटकारा मिल्न सक्दछ। हिन्दुधर्मका प्राय: सबै मन्त्रहरु शक्तिशाली मानिन्छन्। तर, सबै मन्त्रमध्य गायत्री मन्त्रलाई वेदको सर्वश्रेष्ठ मन्त्रको रुपमा मानिँदै आएको छ। २४ शब्दबाट बनेको गायत्री मन्त्र चार वेदबाट आएको हो। जसले सीधै मानिसको शारीरिक र मानसिक स्वास्थ्यमा राम्रो प्रभाव पार्दछ।

गायत्री मन्त्रको प्रभाव हुनका लागि गायत्री मन्त्र जप गर्नैपर्छ भन्ने छैन। यसलाई सुन्दामात्र पनि मन्त्रको असर मानिसको जीवनमा पर्ने जर्मनका वैज्ञानिकहरु बताउँदछन्। गायत्री मन्त्र भगवान् सूर्यको स्तुतिमा गाइने मन्त्र हो। गायत्री मन्त्रको पहिलो नौं शब्दमा प्रभुको गुणबारे ब्याख्या गरेको पाइन्छ। उनीहरुका अनुसार, गायत्री मन्त्रको अर्थ हो: ॐ (प्रणव), भूर (मानिसलाई प्राण प्रदान गर्ने), भुव: (दु:खको नास गर्ने), स्व: (सुख प्रदान गर्ने), तत् (सूर्यजस्तै उज्ज्वल), वरेण्यम् (सबभन्दा उत्तम), भर्गो (कर्मको उद्धार गर्ने), देवस्य (प्रभु), धीमहि (आत्मचिन्तन योग्य), धियो (बुद्धि), यो (जसले), न: (हामीलाई) र प्रचोदयात् (हामीलाई शक्ति दिने) हुन्। गायत्री साधनाद्वारा आत्माको शुद्ध स्वरुप प्रकट हुन्छ र अनेक ऋद्धि र सिद्धिहरु उपलब्ध हुन्छन्। गायत्री साधना मार्फत् साधकले सांसारिक सुख एवम् आत्मिक आनन्द प्राप्त गर्दछ। 'गायत्री मन्त्रका अक्षर यस्तो विचित्र र रहस्यमय छ कि यसको उच्चारण मात्रले पनि जिब्रो, घाँटी एवम् तालुमा भएका नाडी र तन्तु अद्भुत क्रममा सञ्चालन हुन थाल्छन्,'

# सिस्नेरीमा सुमो र बोलेरो ठोक्किँदा एकको मृत्यु, १८ जना घाइते



सुनिता बिष्ट

हेटौडा/मकवानपुरको इन्द्रसरोबर गाउँपालिका(३ धारा ढोलास्थित दक्षिणकाली सडकखण्डमा सुमो र बोलेरो पिकअप गाडी एकआपसमा ठोक्किँदा एकजनाको मृत्यु भएको छ भने १८ जना घाइते भएका छन्।

शनिबार हिजो दिउँसो करिब १२:३० बजे हेटौंडाबाट काठमाडौं तर्फ जाँदै गरेको ना १ ज ७२०७ नम्बरको सुमो र विपरीत दिशाबाट आउँदै गरेको बीएए ९७६८ नम्बरको बोलेरो पिकअप दुर्घटनामा परेका हुन्। प्रारम्भिक अनुसन्धानअनुसार काठमाडौंको पेप्सीकोलास्थित एक पानी कम्पनीमा कार्यरत कामदार हरू पिकनिकका लागि सिस्नेरी आउँदै गर्दा बोलेरो अनियन्त्रित भई पल्टिने क्रममा सुमोसँग ठोक्किएको प्रहरीले जनाएको छ।

दुर्घटनामा काभ्रेको पनौती नगरपालिका(१ घर भई हाल काठमाडौं बस्दै आएका ३७ वर्षीय पूर्णबहादुर तामाङको उपचारका क्रममा बी एण्ड बी अस्पतालमा मृत्यु भएको मकवानपुर प्रहरीले जनाएको छ। दुर्घटनामा घाइते हुनेहरूमा काभ्रे घरभई हाल काठमाडौं पेप्सीखोला बस्ने ३० वर्षीय जुनु बाबु तामाङ, सुनसरी घरभई हाल भक्तपुर ठिमी बस्ने २१ वर्षीय समिर उरम, महोत्तरी घरभई हाल काठमाडौं पेप्सीकोला बस्ने २६ वर्षीय रबी मगर, नुवाकोट घरभई हाल काठमाडौं बस्ने १९ वर्षीय टंकबहादुर तामाङ, काभ्रे पनौती घरभई हाल ललितपुर छतिवन बस्ने ३० वर्षीय रोहन तामाङ रहेका छन्।

यस्तै, काभ्रे कोशिपारी घर भई हाल काठमाडौं जडिबुटी बस्ने ४० वर्षीय कुमार खरेल, काभ्रे घर भई हाल काठमाडौं पेप्सीकोला बस्ने २४ वर्षीय रोशन लामा, काभ्रे पनौती घरभई हाल काठमाडौं बस्ने २८ वर्षीय सुरेश लामा, काभ्रे घरभई हाल काठमाडौं जडिबुटी बस्ने २६ वर्षीय सुरेश तामाङ, महोत्तरी बर्दिबास घरभई हाल काठमाडौं पेप्सीकोला बस्ने ४४ वर्षीय कृष्णबहादुर सुसलिङ, सोलुखुम्बु घर भई हाल काठमाडौं बस्ने २८ वर्षीय गोपी खड्का, रामेछाप घरभई हाल काठमाडौं जडिबुटी बस्ने २१ वर्षीय गुणराज भुजेल घाइते भएको मकवानपुर प्रहरीले जनाएको छ।

महोत्तरी घरभई हाल काठमाडौं बस्ने २० वर्षीय कबिर मगर, रामेछाप घरभई हाल काठमाडौं बस्ने १९ वर्षीय सबिन मगर, ओखलढुंगा घरभई हाल काठमाडौं बस्ने १७ वर्षीय अर्जुन मगर, काभ्रे घरभई हाल काठमाडौं बस्ने १० वर्षीय शिशिर तामाङ, सिन्धुपाल्चोक बलेफी गाउँपालिका(६ निवासी ५५ वर्षीया लक्ष्मी श्रेष्ठ र काठमाडौं चन्द्रागिरि नगरपालिका(९ निवासी ४५ वर्षीया शान्ति महर्जन घाइते भएका हुन्।

प्रहरीका अनुसार घाइतेमध्ये ११ जनाको अवस्था मध्यम र ७ जनाको अवस्था सामान्य रहेको छ। उनीहरूको काठमाडौँस्थित बी एण्ड बी अस्पताल, बौद्ध अस्पताल तथा ट्रमा सेन्टरमा उपचार भइरहेको छ। दुर्घटनामा संलग्न सुमो चालक काठमाडौं चन्द्रागिरी नगरपालिका(१४ निवासी ४५ वर्षीय मनोज श्रेष्ठलाई प्रहरीले नियन्त्रणमा लिएको छ। घटनाबारे थप अनुसन्धान भइ रहेको प्रहरीले जनाएको छ।

# "बिषादीरहित बाली उत्पादन गरौं"




सन्देश संवाददाता

हेटौंडा/स्थानीयस्तरमा अत्यधिक र असुरक्षितरूपमा विषादी प्रयोग भइरहेको सन्दर्भमा सकेसम्म रासायनिक विषादीको सट्टा जैविक विषादी प्रयोग गर्न र रासायनिक विषादी प्रयोग गर्नै परे सुरक्षित विधि अपनाउन एक कार्यक्रमका बक्ताहरुले आग्रह गरेका छन्।

नेपाल अर्बुद रोग निवारण संस्था मकवानपुर शाखाको आयोजना, हेटौंडा उपमहानगरपालिकाको सहकार्य र गरिबी निबारण बचत तथा ऋण सहकारी संस्थाको समन्वयमा भएको विषादीरहित बाली उत्पादनसम्बन्धि सचेतनामूलक कार्यक्रमका प्रमुख अतिथि तथा हेटौंडा ६ नम्बर वडाअध्यक्ष बिष्णुबहादुर दहालले कार्यक्रमको उद्घाटन गर्दै यस्तो सल्लाह दिएका हुन्

बिभिन्न प्रकारका डरलाग्दा बिभिन्न प्रकारका क्यान्सर रोग न्यूनीकरणका लागि विषादीरहित बाली उत्पादनसम्बन्धि सचेतना जगाउन आवश्यक भएको भन्दै दहालले क्यान्सर जस्ता घातक र ोगबाट बचन सचेतनामूलक कार्यक्रमहरु आवश्यक रहेको औंल्याए।

संस्थाका सभापति माधव अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिका वडा नं. ६ का वडा अध्यक्ष बिष्णुबहादुर दहालको प्रमुख आतिथ्यता तथा संस्थाका केन्द्रीय उपमहासचिव प्रकाश खतिवडाको विशेष आतिथ्यता भएको रहेको थियो

कार्यक्रमको स्वागत तथा उद्देश्यबारे संस्थाका सदस्य मानबहादुर लामाले स्पष्ट पारेका थिए भने
सहकारी संस्थाका अध्यक्ष कृष्णप्रसाद सापकोटाले स्थानीयस्तरमा यस्ता सचेचना कार्यक्रम आयोजना गर्न अति आवश्यक रहेको बताए।

कार्यक्रमका बक्ताहरुले विषादीको प्रयोग भएका बिभिन्न प्रकारका खाद्य पदार्थका कारण क्यान्सर रोग हाल सामान्य बनेको बताए। स्थानीय सरकारले बिषादी प्रयोग गर्दा सुरक्षित रहन आबश्यक सामाग्रीको माग, जैविक विषादी उत्पादनका लागि आवश्यक वातावर ण र सामग्री उपलब्ध गराउन मागसमेत गरका थिए। सहकारीमा आबद्ध शेयर सदस्यहरु, बिषादी प्रयोग गरि बाली लगाउनेहरु, बिषादी बिक्रेताहरुलाईसमेत लक्षित गर्दै यस्तो चेतनामुलक तालिमको आबश्यकता

*मोबाइल फोन नष्ट*

# डाटा दुरुपयोग भए कसले लिन्छ जिम्मा ?

सन्देश संवाददाता

हेटौंडा/सिरहा जिल्लामा एसईई र कक्षा–१२ को परीक्षाका क्रममा परीक्षा हलभित्र मोबाइल फोन लिएर प्रवेश गरेका विद्यार्थीहरुबाट जफत गरिएका भनिएका ४ सय ९६ वटा मोबाइल जिल्ला प्रहरी कार्यालय सिरहाले नष्ट गरेपछि त्यसको तीव्र विरोध जारी छ।

परीक्षाको मर्यादा उलंघन रोक्न मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मातिवारीको 'निर्देशन' अनुसार कारबाही गरिएको जिल्ला परीक्षा समन्वय समितिले जनाएको छ। समितिको निर्णय अनुसार पाँच सदस्यीय उपसमितिको समन्वयमा ती मोबाइल तथा स्मार्टवाचहरुलाई २४ घण्टा पानीमा डुबाएर प्रयोग गर्न नसकिने अवस्थामा पुऱ्याइ नष्ट गरिएको हो। नष्ट गरिएका सामग्रीमा ७ वटा आइफोन, ४ सय ८९ वटा एन्ड्रोइड मोबाइल र ५ वटा स्मार्टवाच छन्। जसको कुल मूल्य करिब एक करोड बढी अनुमान गरिएको छ।

घटनापछि सामाजिक सञ्जालमा मिश्रित प्रतिक्रिया देखिएको छ। केहीले यसलाई अनुशासन कायम गर्न कडा कदम भनेका छन् भने केहीले नष्ट गर्नुको सट्टा जरिवाना वा अन्य विकल्प अपनाउनुपर्ने धारणा राखेका छन्। आगामी वर्षका परीक्षामा मोबाइल प्रयोग नियन्त्रण अझ कडा हुने संकेत यसले गरिएको छ।

नेपाल मोबाइल व्यवसायी महासंघका महासचिव छतेन्द्र आचार्यका अनुसार त्यसरी मोबाइल नष्ट गर्नु राम्रो हुँदै होइन। 'परीक्षाको नियमअनुसार मोबाइल लैजानु गलत हो। तर, जफत गरिएका मोबाइल परीक्षा सकिएपछि केही जरिवाना गरेर फिर्ता गर्नुपर्थ्यो भन्ने हाम्रो बुझाइ छ,' उनले भने–विश्वबजारमा हाल चिपसेटको अभाव छ। हाल एआईमा पनि त्यस्ता किसिमका चिपसेटको प्रयोग हुनेहुँदा हाल ३५ प्रतिशत्सम्म मोबाइल फोनको मूल्य बढेको देखिन्छ। हिजोका दिनमा १६ हजार पर्ने मोबाइलको मूल्य हाल २६ हजार पुगेको अबस्था छ। त्यस आधारमा हेर्ने हो भने करिब ८० लाखको फोन नष्ट भयो। यो र ाज्यलाई घाटा हो नि त।

'यो त अव्यवहारिक हो। यस्तो नीति कहींकतै देखिएको छैन। आफन्तको रोहबरमा फिर्ता दिनुपर्ने थियो,' उनले भने–देशमा यस्तो आर्थिक संकटका बेला राज्यको पैसा बाहिर गयो। व्यक्तिगत् सम्पत्ति यसरी राज्यले नष्ट गर्न मिल्दैन। यस्तो किसिमका घटना दोहोऱ्याउनु हुँदैन। यो ठूलो गल्ती हो। नष्ट गरेपछिको विद्युतीय फोहोर व्यवस्थापनमा पनि राज्ज्यलाई ठूलो चुनौती छ। यसले वातावरणमा नै नराम्रो प्रभाव पर्नसक्छ।

'त्यसमा रहेको चिपसेटबाट डाटा रिकभर भएर दुरुपयोग भयो भने त्यसको जिम्मेवारी कसले लिने ?,' उनले प्रश्न गरे र भने–डाटा दुरुपयोग हुनसक्ने निश्चित हो। यसले एक विद्यार्थीको जिन्दगीमा कहाँसम्मको समस्या पर्नसक्छ भन्ने किन बुझिएन ? विषय निकै गम्भीर छ। मोबाइल पूर्णरुपमा नष्ट गरिएको सम्भवत: यो संसारमै पहिलो हो। उक्त घटनाले सुरक्षा निकायको बौद्धिकस्तरमा नै प्रश्न खडा गरेको छ।

'नेपालले विदेशी मुद्रा तिरेर आयात गरेको करोडभन्दा बढी नेपाली रुपियाँका मोबाइल र स्मार्टवाच नष्ट गर्नुअघि किन सोचिएन ?,' उनले प्रश्न गरे–परीक्षा हलको प्रवेशद्वारमै किन चेक गरिएन ? हलभित्र मोबाइल लैजान दिने (निरीक्षक/कर्मचारी) लाई कारबाही गर्ने कि विद्यार्थीको मोबाइल नष्ट गर्ने ? त्यसो गर्न नसक्ने परीक्षा समितिका पदाधिकारीलाई नसिहत दिने कि विद्यार्थीको मोबाइल पानीमा डुबाइदिने ?

केही रकम जरिवाना गरेर मोबाइल फर्काएको भए परीक्षा समिति र स्थानीय सरकारको इज्जत जान्थ्यो ? अर्को पटकदेखि विद्यार्थीले परीक्षा हलमा मोबाइल नलगुन् भन्नाका लागि नसिहतका थुप्रै विकल्प हुँदाहुँदै यस्तो अप्रिय कार्य किन गरियो ? महोत्तरीको परीक्षा समितिले भने जनही दुई हजार रुपियाँ राजस्वमा जम्मा गर्न लगाएर परीक्षाहलमा फेला परेका मोबाइल फोन फिर्ता गरेको छ।

शिक्षामन्त्री तिवारीको अध्यक्षतामा बसेको र प्रदेशका आठ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी र शिक्षा विकास तथा समन्वय एकाई प्रमुखहरुको उपस्थिति रहेको बैठकले परीक्षालाई मर्यादित तुल्याउन मोबाइल फोन परीक्षा केन्द्रभित्र लैजान नपाउने निर्णय गरेको थियो। मोबाइल फोन जफत गरी तत्काल नष्ट गर्ने प्रस्ताव सबै प्रजिअले राखेका थिए। बैठकमा यसरी जफत गर्दा नराम्रो सन्देश जान्छ भन्ने कुरा पनि उठेको कारण प्रजिअहरुले यति गरेन भने परीक्षालाई मर्यादित गराउन नसकिने भन्दै यसको जिम्मेवारी आफूहरुले लिने बताए।

सुरुमा शिक्षा एकाईले मोबाइल निषेध गरिएको जानकारी प्रचार गर्ने, त्यसो गर्दा पनि अटेरी गरे मोबाइल जफत गरेर नष्ट गर्ने र त्यस कुरा देखेपछि दोस्रो दिनबाट मोबाइल लिएर जाने आँट विद्यार्थीले गर्दैनन् भन्ने धारणा प्रजिअहरुको थियो। त्यसका लागि केन्द्राध्यक्षलाई जिम्मेवार बनाउने आन्तरिक नीति लिइयो। छात्राको हकमा प्रहरी महिलाबाट खानतलासी गराउने भनियो। सुरुको दिनमा खोसिएका मोबाइल थन्काएर राखियो। त्यसपछिका दिनमा पनि त्यस्तै गर्दै मोबाइल राखियो। केन्द्राध्यक्ष जिम्मेवार हुन सकेनन् र प्रहरीले पनि केन्द्रमा प्रवेश गर्दा खासै चेकजाँच गरेनन्। जसले गर्दा परीक्षा हलभित्र मोबाइल पुग्यो, ती सबै मोबाइल खोसिए। एसईईको नतिजा सार्वजनिक भइसकेपछि नष्ट गरियो।

# बढ्यो अण्डाको मूल्य



सन्देश संवाददाता

चितवन/नेपाल लेयर्स कुखुरा पालक संघले अण्डाको फार्म समर्थन मूल्य पुन: बढाएको छ। संघको शुक्रबार काठमाडौंमा सम्पन्न भौतिक तथा भर्चुअल बैठकले शनिबारदेखि लागु हुने गरी नयाँ मूल्य निर्धारण गरेको हो।

संघ अध्यक्ष बिनोद पोखरेलका अनुसार देशभरका अण्डा उत्पादक किसान तथा व्यवसायीको राय, परामर्श तथा सिफारिसका आधारमा चितवनलाई मुख्य आधार क्षेत्र मानी नयाँ दररेट तय गरिएको हो। नयाँ मूल्यसूचीअनुसार एक्सएल अण्डाको मूल्य प्रतिक्रेट (३० वटा) ५ सय ६०, ठूलो अण्डाको ५ सय ४५, मध्यम (मिडियम) अण्डाको ५ सय १५ तथा सानो अण्डाको प्रतिपेटी तीन हजार कायम गरिएको छ।

यसअनुसार खुद्रा बजारमा अण्डाको मूल्य करिब २५ रुपियाँ भएको छ। संघले सम्पूर्ण व्यवसायी तथा सरोकारवालालाई तोकिएको मूल्यमा कारोबार गर्न आग्रह गरेको छ। अध्यक्ष पोखरेलले गर्मी मौसमका कारण उत्पादनमा आएको उतारचढाव तथा किसानको बढ्दो उत्पादन लागतलाई ध्यानमा राखेर नयाँ समर्थन मूल्य निर्धारण गरिएको बताए।

पछिल्लो एक महिनाको अवधिमा अण्डाको मूल्य निरन्तर उकालो लागेको देखिन्छ। बैशाख २४ गते एक्सएल अण्डाको मूल्य प्रतिक्रेट ४ सय ६५ रहेकामा नयाँ मूल्य ५ सय ६० पुगेको छ, जुन ९५ रुपियाँ अर्थात् करिब २० प्रतिशत् बढी हो। सोही अवधिमा ठूलो अण्डाको मूल्य ४ सय ९० बाट ५ सय ४५, मिडियम अण्डाको ४ सयबाट ५ सय १५ तथा सानो अण्डाको प्रतिपेटी मूल्य २ हजार ३ सयबाट तीन हजार पुगेको छ।

संघका अनुसार पछिल्ला केही सातायता अण्डाको उत्पादन घट्नुका साथै बजार माग बढ्दा मूल्यमा निरन्तर सुधार आएको हो। किसानले दाना, औषधि तथा अन्य उत्पादन सामग्रीको लागत बढ्दै जाँदा मूल्य समायोजन आवश्यक भएको संघ अध्यक्ष पोखरेलले बताए।

उनका अनुसार हाल अण्डाको उत्पादन लागत प्रतिगोटा १९.१२ पर्ने गरेको छ। नयाँ समर्थन मूल्य लागु भएपछि किसानले लागत नजिकको मूल्य पाउन थालेका छन्। लामो समयपछि अण्डाको बिक्री मूल्य उत्पादन लागतको हाराहारीमा पुगेकाले किसानलाई केही राहत मिलेको अध्यक्ष पोखरेलको भनाइ छ। उनले पछिल्लो समय नेपालमा पर्यटकको आगमन बढ्नु, सीमाक्षेत्रमा अण्डाको आयात तथा ओसारपसारमा कडाइ हुनु र आन्तरिक बजारमा माग बढ्नुलेसमेत अण्डाको मूल्य सुधारमा सहयोग पुगेको बताए।

नेपाली किसानले हाल लागत नजिकको मूल्य पाएता पनि उत्पादन लागत नियन्त्रण र बजार व्यवस्थापनका लागि सरकारी निकायबाट सहयोग र नीतिगत् समर्थन आवश्यक रहेको अध्यक्ष पोखरेलले बताए। उनले उत्पादन लागत घटाउने तथा बजारलाई व्यवस्थित बनाउने बारेमा बिभिन्न उपायहरु अवलम्बन गर्नसकेमा हालको मूल्य अवस्था कायम राख्न सकिने धारणा व्यक्त गरे।

उनले भने उपभोक्तालाई महंगो परेता पनि किसानको लागत उठ्ने र केही नाफा हुने भएकोले यसअघि किसानलाई पुगेको घाटामा हाल बढेको मुल्यले केही राहत दिन सक्नेछ।

**जेब्राक्रसबाट मात्र बाटो काट्ने बानी बसालौं। सडक पेटी केवल यात्रुको लागि मात्र हो। यसको दुरुपयोग नगरौं।**

# बागमती सम्मेलनमा अग्रज पत्रकार र उत्कृष्ट शाखालाई सम्मान



सन्देश संवाददाता

हेटौंडा/नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिले पत्रकारिता क्षेत्रमा उल्लेखनीय योगदान गर्ने पत्रकार तथा उत्कृष्ट जिल्ला शाखालाई सम्मान गरेको छ। पत्रकार भगवती तिमल्सिना सहितका पत्रकारहरुलाई शनिवार मिडिया सम्मेलनको अवसरमा सम्मान गरेको छ।

महासंघ बागमती प्रदेशको पाँचौं साधारण सभाको अवसरमा विभिन्न पत्रकारिता पुरस्कार तथा सम्मानहरू प्रदान गरिएको हो। प्रदान गरिएका पुरस्कारहरुमा 'रविन्द्र गौतम स्मृति पत्रकारिता पुरस्कार' अग्रज पत्रकार भगवती तिमल्सिनालाई प्रदान गरिएको थियो। 'उत्कृष्ट महिला पत्रकारिता पुरस्कार' बाट पत्रकार प्रतिमा सिलवाल र 'स्व. सुर्जबहादुर सारु मगर स्मृति पत्रकारिता पुरस्कार' बाट पत्रकार ध्रुव अधिकारी पुरस्कृत भए। तीनै वटा पुरस्कारको राशि जनही रु. १५ हजार रहेको आयोजनले जनाएको छ।

यसैगरी पत्रकारिता क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याए वापत नेपाल पत्रकार महासंघ सिन्धुलीका संस्थापक शेषराज दाहाल, नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्व अध्यक्ष नवराज शर्मा र नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष रहेका चितवनका पत्रकार दिपक आचार्यलाई 'अग्रज पत्रकार सम्मान' प्रदान गरियो।

यस्तै उत्कृष्ट शाखाको रुपमा नेपाल पत्रकार महासंघ, जिल्ला शाखा धादिङ पुरस्कृत भयो। नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्मा, बाग्मती प्रदेश अध्यक्ष कृष्ण सारु मगरलगायतले उनीहरुलाई सम्मान गरेका थिए।

# सर्वोत्तम र सुन्दर सहकारीको एकीकरण



सन्देश संवाददाता

हेटौंडा/हेटौंडामा रहेका दुई बचत तथा ऋण सहकारी संस्थाहरु एकीकरण भई 'सर्वोत्तम सुन्दर संचिती सहकारी संस्था' गठन गरिएको छ। हेटौंडा–८ स्थित सर्वोत्तम संचिती बचत तथा ऋण सहकारी संस्था र हेटौंडा–२ चौकीटोलस्थित सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडबीच एकीकरण सम्पन्न भएको हो।

शनिबार आयोजित संयुक्त साधारणसभामार्फत् दुवै संस्थाले एकीकरणको औपचारिक घोषणा गरेका हुन्। कार्यक्रममा बागमती प्रदेशकी सहकारी तथा गरिबी निवारणमन्त्री विनु रायमाझी पौडेल प्रमुख अतिथिका रूपमा सहभागी भएर आधिकारीकता दिइन्।

कार्यक्रममा बोल्दै मन्त्री पौडेलले सहकारी अभियानले सदस्यहरूबीच पारिवारिक भावना र आपसी सहकार्यलाई बलियो बनाउने बताइन्। उनले 'सर्वोत्तम सुन्दर संचिती सहकारी' नाम आफ्नै सुझावमा राखिएको उल्लेख गर्दै नाम संस्थाको उद्देश्यअनुसार उपयुक्त र आकर्षक रहेको धारणा व्यक्त गरिन।

उनले सहकारीले आर्थिक कारोवारमा आफ्ना सदस्यहरु बिचमात्र कारोवार गर्न र ठूला लगानी नगर्न सचेतसमेत गराईन्।

कार्यक्रममा सर्वोत्तम संचितीका अध्यक्ष रामबहादुर बस्नेत तथा सुन्दर सहकारीका अध्यक्ष शम्भु नकर्मीले संस्थागत प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए। अध्यक्ष बस्नेतले आर्थिक सुरक्षा, खाद्य सुरक्षा र सुशासनलाई केन्द्रमा राखेर संस्थाले आगामी लक्ष्य निर्धारण गरेको जानकारी दिए।

# चौघडाको जनकल्याणको विस्तारित मञ्च

सन्देश संवाददाता

हेटौडा/चौघडामा रहेको जनकल्याण बचत तथा ऋण सहकारी संस्थाको विस्तारित बैठक चौघडा स्थित बंशगोपाल मन्दिरमा शनिवार सम्पन्न भएको छ। संस्थाको चालु आव ०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार विस्तारित बैठकको आयोजना गरिएको हो।

संस्थाले गरेका विभित्र कार्यहरु र आगामी वर्षमा के कस्ता कामहरु गर्नुपर्छ भन्ने बारेमा जानकारी दिने र जानकारी लिने विषयहरुमा छलफल गर्न विस्तारित मञ्चको आयोजना गरिएको हो।

कार्यक्रममा संस्थाका ब्यवस्थापक दिपेन्द्र गौतमले संस्थाले गरेका कार्यहरु र आर्थिक विवरण पेश गरेका थिए। कार्यक्रममा सहभागी शेयर सदस्यहरुले समय सापेक्ष ब्याजदरमा परिवर्तन, महिला केन्द्रीत कार्यक्रम, सिपमुलक तालिम, शैक्षिक कर्जामा सहुलियत ऋण जस्ता कार्यक्रम सञ्चालन गरि सहकारी संस्थाले उदाहरणीय काम गरेको बताए।

उनीहरुले भविष्यमा सहकारीले युवा लक्षित कार्यक्रम, ब्यवसाय सञ्चालन गर्ने महिला उद्यमीहरुलाई ब्याजमा छुटको ब्यवस्था मिलाउने, उत्कृष्ट बचतकर्ता र ऋणीलाई सम्मान, पशुपालन तथा कृषि ऋणमा सहुलियत दिनु पर्नेमा सहभागीहरुले सुझाव दिएका थिए।

कार्यक्रममा संस्था सञ्चालक समिति, लेखा समिति, सल्लाहकार, शेयर सदस्य, कर्मचारी, सञ्चारकर्मी लगायतको सहभागिता थियो। २०५३ सालमा स्थापित सहकारीमा १ हजार ३ सय ७७ महिला १ हजार १ सय ३ पुरुष र अन्य ८ गरि कुल २ हजार ४ सय ८८ जना शेयर सदस्यहरु रहेका छन। संस्थाको शेयर पूजी २ करोड ७६ लाख ३८ हजार, निक्षेप २७ करोड ३८ लाख ८७ हजार र ऋण लगानी १८ करोड ७६ लाख १४ हजार रहेको संस्थाले जनाएको छ। सहकारीले बिभिन्न सामाजिक काम गर्दै आएको छ।

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/द्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने